का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ फागुन २०८१,
बिहीबार
20 February, 2025
Thurday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक १८ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

कांग्रेस महाधिवेशन

# चुपचाप देउवा दौडधुपमा अरू

सभापति देउवा विधानले दिएको १ वर्ष र संविधानले दिएको ६ महिनाको सुविधा उपयोग गर्दै आफू प्रधानमन्त्री भएपछि मात्र पार्टी महाधिवेशन गर्ने तयारीमा जुटेका छन् । क्रियाशील सदस्यता नवीकरण र वितरणको काममा नेताहरुको निष्क्रियताले यसलाई पुष्टि गरेको छ

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

नेपालको सबैभन्दा पुरानो लोकतान्त्रि दल नेपाली कांग्रेसको १५औं महाधिवेशनको अन्योलबीच नेताहरूले दौडधुपलाई तीव्र पारेका छन् । १४औं महाधिवेशनबाट निर्वाचित सभापति र पदाधिकारीहरू नै १५औं महाधिवेशन गर्ने तयारीमा नलाग्दा २०८२ मंसिरमा नहुने पक्का भए पनि नेताहरूले अनौपचारिक रूपमा उम्मेदवारी घोषणा गरेर देश दौडाहालाई तीव्र पारेका हुन् ।

पार्टी संगठन निर्माण, क्रियाशील सदस्यता नवीकरण तथा वितरण, नागरिकलाई पार्टीप्रति आकर्षण गर्ने कार्यक्रम लिएर गाउँ जानुपर्ने नेताहरू आगामी महाधिवेशनको सभापति, पदाधिकारी र केन्द्रीय समितिको तयारीका नाममा देश दौडाहामा छन् । तर, पार्टीको मूल नेतृत्वले भने महाधिवेशनको कुनै गुञ्जायस दिन सकेका छैनन् ।

सभापतिको ५१ प्रतिशत अधिकारसहितको जिम्मेवारी रहने कांग्रेसमा अरू नेताहरूले बोल्दैमा निर्णय प्रक्रियामा ठूलो अर्थ राख्दैन । त्यसमाथि पार्टीका महामन्त्रीहरूसमेत समयमै महाधिवेशन गर्नै पर्छ भनेर नलाग्दा सभापति देउवालाई महाधिवेशन सार्न थप बल पुगेको केन्द्रीय समितिका नेताहरूले टिप्पणी गर्दै आएका छन् ।

'समयमा महाधिवेशन हुनुपर्छ भन्ने हाम्रो मान्ता हो', कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले भने, 'तर, केन्द्रीय पदाधिकारीहरूले नै महाधिवेशन चाहेका छैनन् । उनीहरू नै उम्मेदवारी पृष्ठ २ मा




नैतिक आचरणको पालना गरौं
- झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, वृद्ध अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन र विधिको पालना गरौं,
- भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महान्यायाधिवक्ता मातहत थन्किए साढे ६३ हजार मुद्दा

महान्यायाधिवक्ता मातहतका सरकारी वकिल कार्यालयहरुले नेपाल सरकारका तर्फबाट चलाइने मुद्दा र मुलुकी फौजदारी कार्यविधि संहिताअनुसारका मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्छन् । यससम्बन्धी रिट निवेदनसमेत थन्किने प्रवृत्ति बढ्दो छ




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिल कार्यालयहरूमा साढे ६३ हजार मुद्दा थन्किएका पाइएको छ । महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन हालै प्रतिनिधिसभामा पेस भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट रक्षामन्त्री मानवीर राईले मंगलबार प्रतिनिधिसभामा महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन पेस गरेका थिए । त्यसअनुसार महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिल कार्यालयहरूमा ६३ हजार ६३० मुद्दा फछ्र्योट हुन बाँकी छ । कुल आर्थिक वर्षभित्र ६८ हजार ९१७ वटा मुद्दा फछ्र्योट भएका थिए । यो तथ्यांक महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिल कार्यालयहरूको हो ।

महान्यायाधिवक्ताको कार्यालय मातहत उच्च सरकारी वकिलको कार्यालय, विशेष सरकारी वकिलको कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय पर्छन् । महान्यायाधीवक्ता कार्यालयमा ११ हजार १० वटा मुद्दा फछ्र्योट हुन बाँकी छन् । उच्च सरकारी वकिलको कार्यालयमा रहेका १२ हजार ३९०, विशेष सरकारी वकिलको कार्यालयमा ४३० वटा मुद्दा फछ्र्योट हुन बाँकी छन् । जिल्ला सरकारी वकिलको कार्यालयअन्तर्गत ३९ हजार ८३० मुद्दा फछ्र्योट हुन बाँकी छन् । यो ४ वटा कार्यालयमध्ये सबैभन्दा बढी हो ।

महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकिलहरूलाई मुद्दा चलाउने, नचलाउने अधिकार सुम्पिएअनुसार सरकारी वकिलहरूले मुलुकी फौजदारी कार्यविधि संहिताअनुसारका मुद्दा र नेपाल सरकारका तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्छन् ।

आर्थिक वर्ष २०८०/०८१ म नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत १ लाख ९ हजार ७४० थियो । त्यसमध्ये ५७ हजार ३६ अर्थात् ५१ दशमलव ९७ प्रतिशत मुद्दाहरू फछ्र्योट भएको छ । फछ्र्योट भएका मुद्दाहरूमध्ये ४० हजार ५५८ अर्थात् ७१ दशमलव ११ प्रतिशत कसुर ठहर भएको र १४ हजार ६९ मुद्दामा सफाइ भएको छ । २ हजार ४०९ मुद्दा मुल्तबी, मुद्दा फिर्ता, तामेली, मिलापत्र पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## खाडीका दूतावासलाई परराष्ट्रमन्त्री राणाका दर्जन बढी निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ फागुन ।

आठौं 'इन्डियन ओसन कन्फ्रेन्स' तथा द्विपक्षीय बैठकहरूमा सहभागी हुन ओमान भ्रमणमा रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको उपस्थितिमा ओमानलगायत खाडी समन्वय परिषद्स्थित नेपाली नियोगका प्रमुखसँग छलफल भएको छ ।

ओमानस्थित नेपाली राजदूतावासले परिषद्स्थित नेपाली नियोगका राजदूत, कार्यबाहक महाबाणिज्यदूत, नियोग उपप्रमुख, श्रम काउन्सिलर तथा श्रम सहचारीलगायत नियोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको सहभागितामा 'भर्चुअल' बैठक गरेको हो ।

उक्त बैठकमा महिला घरेलु कामदारलगायत नेपाली श्रमिकको उद्धार, सहायता, स्वदेश फिर्ती, बीमा तथा क्षतिपूर्ति, आश्रयस्थल व्यवस्थापन, शव व्यवस्थापनलगायत श्रमिकसँग सम्बन्धित समस्या एवं समाधानका उपाय, प्रभावकारी सेवा प्रवाहमा देखिएका चुनौती र समाधानका उपायबारे छलफल भएको थियो ।

ओमानस्थित नेपाली राजदूतावासका अनुसार बैठकमा आर्थिक, सांस्कृतिक तथा सार्वजनिक कूटनीतिका विविध आयाम, व्यापार, लगानी, पर्यटन, संस्कृति, भाषा, वेशभूषा तथा रोजगार प्रवर्द्धन, जनस्तरको सम्बन्ध विस्तार, नेपाली समुदाय तथा सामाजिक संघसंस्थासँगको पृष्ठ २ मा

## आक्रमणमा परी मलेसियामा १ नेपालीको हत्या

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ७ फागुन ।

मलेसियाको स्थानीय श्री गडिङस्थित नेपाली र बंगलादेशी कामदार बस्ने होस्टेलमा भएको झडपमा ३० वर्षीय १ नेपाली कामदारको हत्या भएको छ ।

मलेसियाको बाटु पहाट ओसीपीडीका सहायक कमान्डर शाहरुलानुर मुसद्दत अब्दुल्ला सानीले घटना ९ फेब्रुअरी राति भएको बताएका छन् । उनले स्थानीय कारखानाको कामदार बस्ने छात्रावासमा घटना भएको र भडपमा बंगलादेशी कामदारले नेपाली कामदारको हत्या गरेको बताए ।

नेपालको ठेगाना नखुलेका मोची सतिन्दारलाई छुरा प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको मलेसियाली प्रहरीले बताएको छ । कारखानामा काम गर्ने क्रममा भएको भनाभनले होस्टेलमा पुगेपछि थप चर्किएपछि दुवै देशका कामदार पृष्ठ २ मा

# प्रकृतिलाई मानसिक यातना दिएको पुष्टि

## प्रकृतिको नाममा 'मनोविमर्श संस्था' स्थापना गरिने

प्रकृतिको मोबाइल फोन, निजी सामान, भिडियो, सीसीटीभी फुटेजका आधारमा श्रीवास्तवले प्रकृतिलाई पटकपटक मानसिक यातना दिएको खुलेको उडिसाको भुवनेश्वर-कटक प्रहरी आयुक्त सुरेशदेवदत्त सिंहले जानकारी दिएका छन्



नेपाली विद्यार्थी प्रकृति लम्सालको निधनमा केआईआईटीले बुधबार आयोजना गरेको शोकसभा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ७ फागुन ।

भारतको उडिसा राज्यमा रहेको कलिंगा इन्स्टिच्युट अफ टेक्नोलोजी (केआईआईटी)मा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्साललाई उनकै सहपाठी भारतीय युवकले मानसिक यातना दिएको खुलेको छ । राज्य प्रहरीको प्रारम्भिक अनुसन्धानमा सोही विश्वविद्यालयमा अध्ययनरत युवकले प्रकृतिलाई मानसिक यातना दिएको खुलेको हो ।

प्रकृतिलाई 'ब्ल्याकमेल' र 'ह्यारेसमेन्ट' गरेको आरोपमा प्रकृतिकै सहपाठी उत्तर प्रदेशका २१ वर्षीय एडविक श्रीवास्तव पक्राउ परेका छन् । उनलाई अहिले न्यायिक हिरासतमा राखिएको छ । प्रहरीले थालेको प्रारम्भिक अनुसन्धानमा उनले प्रकृतिलाई 'ब्ल्याकमेल' र 'ह्यारेसमेन्ट' पृष्ठ २ मा

### परराष्ट्रमन्त्रीको फोन

परराष्ट्रमन्त्री डा. आरजु राणाले उडिसाका उच्च शिक्षामन्त्री (हाइयर एजुकेसन मिनिस्टर) सूर्यवंशी सुरजसँग नेपाली छात्रा लम्सालको मृत्यु प्रकरणको निष्पक्ष अनुसन्धान गर्न आग्रह गरेकी छन् ।

मन्त्री राणाले शिक्षामन्त्री सुरजलाई बुधबार टेलिफोन गरेर प्रकृतिको मृत्यु प्रकरणलाई निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कारबाही गर्न आग्रह गरेकी हुन् । उनले केआईआईटीमा नेपाली विद्यार्थीहरूलाई सुरक्षित पृष्ठ २ मा

### विश्वविद्यालय नै खाली

घटनापछि निकालिएका नेपाली विद्यार्थीहरू फर्किएका छैनन् । अवस्था सामान्य बन्दै गए पनि नेपाली विद्यार्थीहरू नफर्किएका कारण विश्वविद्यालय खाली भएको छ । विश्वविद्यालयको होस्टेलमा करिब ३०/३५ जना नेपाली विद्यार्थी मात्र रहेका त्यहाँबाट नेपाल फर्केका विद्यार्थीहरूले बताएका छन् ।

भुवनेश्वरबाट सोमबार राति नै हिँडेका करिब ३०० विद्यार्थीमध्ये एउटा समूह सडकमार्ग हुँदै बुधबार बिहान वीरगन्ज आइपुगेको हो । पृष्ठ २ मा

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको
प्रेस विज्ञप्ति

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन आफ्नो स्थापनाकालदेखि नै वैदेशिक रोजगारमा जाने नेपाली कामदार तथा वैदेशिक रोजगार व्यवसायीका हक अधिकारप्रति सचेत र प्रतिबद्ध रहेको आम वैदेशिक रोजगार व्यवसायीज्यूहरुका बीचमा स्पष्ट रहेको छ । यसै सन्दर्भमा नेपाली कामदारहरुको आकर्षक गन्तव्य मुलुक मलेसियाको रोजगारीका लागि नयाँ एप्रुभल खुला हुने प्रक्रिया अगाडि बढेको अवस्थामा सिन्डिकेट खडा गर्ने उद्देश्यले विभिन्न नाम र आवरणमा 'संचालन प्रणाली'को नाम दिएर सिन्डिकेट खडा गर्ने समाचारप्रति यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

करिब एक वर्षपछि नयाँ एप्रुभल खुल्ने चर्चा चलिरहेको मौका छोपी सिन्डिकेट खडा गर्ने षड्यन्त्र र प्रपञ्चले वैदेशिक रोजगारमा जाने कामदार तथा उनीहरुलाई पठाउने ठूलो संख्यामा रहेका वैदेशिक रोजगार व्यवसायीहरुलाई प्रत्यक्षरुपमा गम्भीर असर पार्ने प्रष्ट छ । उक्त कथाकथित सिन्डिकेटले कामदारको सीप तथा क्षमता बढाइ उनीहरुलाई दक्ष बनाउने नभइ उनीहरुमाथि आर्थिक भार थोपरेर केही व्यक्ति र समूहको मात्रै आर्थिक स्वार्थ पूरा गराउने प्रपञ्च भएको पनि यस एशोसिएसनको निष्कर्ष छ ।

विगतमा विभिन्न आवरणमा स्थापित भएका सिन्डिकेटले नेपालबाट वैदेशिक रोजगारमा जाने कामदारमाथि ठूलो आर्थिक भार परेको तितो यथार्थ छ । त्यस यथार्थलाई आत्मसात गरी सिन्डिकेटविरुद्ध आम व्यवसायी सशक्त आन्दोलनमा उत्रिनुपर्ने आवश्यकता देखिएको छ । यस जटिल परिस्थितिमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व आम व्यवसायीका पक्षमा उभिनु पर्नेमा विधिवत् रुपमा तय भएको गत फागुन २ गतेको साधारणसभा बिना कारण स्थगित गरी विगतको कार्यसमितिले संघ कब्जा गरेर बस्नुपनि सिन्डिकेट लागू गर्ने मतियारको रुपमा संघ उभिएको भन्ने कुरामा अतियुक्ति हुन्न, जसको उदाहरण अवैधानिक संघबाट प्रेसित नाटकीय विज्ञप्तिलाई मान्न सकिन्छ । वैदेशिक रोजगारका क्षेत्रमा हुने सिन्डिकेट र एकाधिकारविरुद्ध आम व्यवसायीलाई गोलबन्द गरी संघर्षमा उत्रिनुपर्ने परिस्थितिमा संघ नेतृत्वले वैधानिकता र नैतिकता दुबै गुमाएर संघ कब्जा गरेर बस्दा आम व्यवसायीले नेतृत्व रिक्तताको महसुस गर्नुपरेको छ । संघको नेतृत्वले अझै पनि विभिन्न बहाना खडा गरी साधारणसभा नगराइ अवैधानिक रूपमा संघ कब्जा गर्ने हठ कायम गरिरहेमा वैदेशिक रोजगारका क्षेत्रमा स्थापित हुने सबै प्रकारका सिन्डिकेट र चलखेलको वर्तमान अवैधानिक नेतृत्व मतियारका रूपमा स्थापित हुने प्रष्ट भएकाले तत्काल साधारणसभा र निर्वाचनको मिति तोक्न संघ तथा सम्बन्धित निकायसँग जोडदार माग गर्दछौं ।

यसका साथै नेपालमा वैदेशिक रोजगारका क्षेत्रमा सिन्डिकेट खडा हुनुमा विगतमा सरकारी पक्षको पनि प्रत्यक्ष एवं अप्रत्यक्ष मिलेमतो र साँठगाँठ सहयोगी बन्ने गरेको आम व्यवसायीका बीचमा जगजाहेर छ । सिन्डिकेट खडा हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हुने कुनै पनि निर्णय नगर्न र त्यस्ता सिन्डिकेटमा समर्थन नजाउन पनि हामी नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेतको गम्भीर ध्यानाकर्षण गराउँदै सम्भावित सिन्डिकेटका विरुद्ध सशक्त खबरदारी गर्न सबै राजनीतिक दल तथा भ्रातृ संघ संगठन, यस क्षेत्रमा क्रियाशील नागरिक समाज, अधिकारकर्मी तथा आम सञ्चारकर्मीहरुसमेत सबैलाई हार्दिक आग्रह तथा अनुरोध गर्दछौं ।

दिपक थापा
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
८ फागुन २०८१ बिहीबार
20 February 2025, Thursday

# आर्थिक चलायमान र विकासका लागि अध्यादेश : सञ्चारमन्त्री

**काठमाडौं/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताको हित र मुलुकको समृद्धिको पक्षमा ल्याइएको अध्यादेशको विरोध हुनु चिन्ताको विषय भएको बताएका छन् ।

नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री गुरुङले मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउन, सहकारीका क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्न र सुकुम्बासी समस्या दीर्घकालीन रुपमा समाधान गर्न ल्याइएका अध्यादेशका विरुद्धमा एक भइ प्रतिपक्ष विरोधमा उत्रिनु दुःखको विषय भएको बताए ।




राष्ट्रिय समाचार समिति (रासस) को ६४औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले अध्यादेशभित्र भएका विषयवस्तुमाथि टीकाटिप्पणीसहित विरोध हुनुपर्नेमा त्यो नभइ एकोहोरो अध्यादेशका बारेमा मात्र विरोध भएकामा आश्चय व्यक्त गरे ।

मन्त्री गुरुङले जनताको सेवा गर्न, विकास निर्माणलाई गति दिइ स्थायित्व प्रदान गर्न, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्न ल्याइएको अध्यादेश पास गर्नुको विकाल्प नरहेकोमा जोड दिँदै समग्रमा देश र जनतालाई केन्द्रमा राखेर ल्याइएको अध्यादेशका पक्षमा साथ दिन सबै राजनीतिक पार्टीहरूसँग आग्रह गरे ।

विभिन्न कालखण्डमा मुलुकमा भएका आन्दोलनबाट देशको शासन व्यवस्था र प्रणाली फेरिए पनि पुराना कानुन र नीति परिवर्तन नभइदिँदा अपेक्षा गरिएअनुसारको परिणाम दिन नसकेको स्पष्ट गर्दै सञ्चारमन्त्री गुरुङले अब शासन व्यवस्थाअनुसार कानुन परिवर्तन गर्नुपर्ने समय आएको बताए ।

संविधानको भावनाअनुसार सरकारका सबै निकाय पूर्ण लोकतान्त्रिक र समावेशी हुनुपर्नेमा जोड दिँदै उनले प्रजातन्त्रमा विधिको शासनसहित स्वच्छ प्रतिस्पर्धा हुनुपर्नेमा त्यो नभइदिँदा लोकतन्त्र 'ट्र्याप'मा परेको होकी भन्ने कोणबाट टीकाटिप्प्पी हुनेगरेको बताए ।

हाम्रो प्रदेश सरकार, पालिका, समग्र प्रहरी प्रशासन हाँक्ने व्यक्तिको कार्यशैली र आचरण ठीक हुनुपर्ने धारणा व्यक्त गर्दै उनले पुराना संरचनालाई नयाँ व्यवस्थाअनुरुप लोकतान्त्रिक र विधिसम्मत बनाउनुपर्नेमा जोड दिए । 'हामीले नीति र व्यवस्थामा परिवर्तन ल्याउन नसक्दा मुलुकले सोचे अनुकूल उपलब्धि हासिल गर्न सकेन', मन्त्री गुरुङले भने, 'अहिले हामीले आवश्यक नीति रुपान्तरणमा जोड दिएका छौँ ।

पछिल्लो समय हामीले ल्याएको लोकतन्त्र खतरामा पर्न लागेको महशुस गरी नेपाली कांग्रेस र नेकपा एमालेजस्ता दुई ठूला राजनीतिक दलको गठबन्धन गर्नुपरेको हो भन्दै विकास र समृद्धिसहित लोकतन्त्रलाई सुनिश्चित गर्न वर्तमान सरकार सफल हुने विश्वास व्यक्त गरे ।

# मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामा वृद्धि

**काठमाडौं/मस**-सन् २०२४ मा नेपालमा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामा वृद्धि भएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बुधबार काठमाडौंमा नेपाल मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै सन् २०२४ मा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना वृद्धि भएको छ। पुस्तकमा सन् २०२४ मा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाबाट १० हजार ७ सय ३४ जना पीडित भएको जनाइएको छ।



यसअघि सन २०२३ मा यस्ता घटनामा घटनामा ९ हजार ३ सय ८८ जना पीडित भएको तथ्यांक सार्वजनिक भएको थियो । तथ्यांकअनुसार बागमती प्रदेशमा सवैभन्दा बढि र गण्डकी प्रदेशमा सर्व भन्दा कम मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना भएका छन् ।

सन् २०२४ मा राज्यपक्षबाट ४ सय ५८ जना पीडित भएका छन् । यो संख्या अघिल्लो वर्षको तुलनामा झण्डै ५ सयले कमी रहेको इन्सेकले जनाएको छ । मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै इन्सेकले संक्रमणकालीन न्यायिक प्रक्रियामा देखिएको ढिलासुस्ती अन्त्य गरी विश्वासयोग्य आयोगको प्रक्रिया तत्काल आरम्भ गर्नुपर्ने सुझाव दिएको छ। त्यस्तै महिला तथा बालबालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि प्रभावकारी कानूनी व्यवस्था लागू गर्नुपर्ने इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले बताए ।

इन्सेकले सडक दुर्घटनाका कारणबाट हुने क्षतिको न्यूनीकरण गर्न आवश्यक कार्ययोजना बनाइ कार्यारम्भ गर्नुपर्ने सुझाव दिएको छ। इन्सेकले सन् १९९२ देखि हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै आएको छ।

## चुपचाप...

घोषणा गरेर दैडेका देखिन्छ । यसले कांग्रेस पार्टीलाई फाइदा गर्दैन ।'

समयमै महाधिवेशन गराउने जिम्मा लिएको केन्द्रीय कार्यालय महाधिवेशन सार्ने योजनामा छ । यसले पार्टीलाई क्षति गर्छ भन्ने कुराको हेक्का राख्नु जरुरी रहेको उनको भनाइ छ ।

महाधिवेशनको टुंगो नभए पनि वर्तमान सभापति शेरबहादुर देउवासँग गत महाधिवेशनमा प्रतिस्पर्धा गरेका डा. शेखर कोइराला र कोइराला समूहबाट महामन्त्री बनेका गगनकुमार थापा सभापतिको तयारीसहित महाधिवेशन केन्द्रित अभियानमा छन् । यससँगै पार्टीका नेताहरू कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ पनि सभापति बन्ने दौडमा छन् ।

उनीहरू को देउवाका विश्वास पात्र बन्ने भन्ने प्रतिस्पर्धामा छन् । डा. शेखर र महामन्त्री गगनले १५औं महाधिवेशनम सभापति भिड्ने तयारी गरिरहेका चर्चा कांग्रेसवृत्तमा छ ।

तर, समयमै महाधिवेशन गराएर सभापतिको उम्मेदवार बन्ने विषय उनीहरूका लागि फलामको च्युरा हुने आँकलन कांग्रेस कार्यकर्ताहरूको छ । हालसम्म पार्टी महाधिवेशनको जगका रूपमा हेरिएको क्रियाशील सदस्यता नवीकरण र वितरणको काममा नेताहरू लागेका देखिँदैन ।

उता, सभापति देउवाले विधानले दिएको १ वर्ष र संविधानले दिएको ६ महिनाको सुविधा उपयोग गर्दै आफू प्रधानमन्त्री भएपछि मात्र पार्टी महाधिवेशन गर्ने पूर्ण तयारीमा जुटेका छन् । त्यसका लागि देउवाले आफ्ना विश्वास पात्रहरूलाई सार्वजनिक रूपमै बोल्न लगाइसकेका छन् ।

गत शुक्रबारको छलफलमा सहभागी कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले वर्तमान देउवा नेतृत्वको कार्यसमितिको म्याद १ वर्ष थप्ने विषयमा कुराकानी भएको बताए । उनले भने, 'सामान्यतया कांग्रेसको कार्यसमितिको म्याद १ वर्ष थप गरिँदै आएको छ । अहिलेसम्म महाधिवेशनको कुनै प्रक्रिया सुरु नभएकाले महाधिवेशन हुने सम्भावना कम छ। महाधिवेशनको समय १ वर्ष थप गर्दा आमचुनाव नजिक आउँछ। त्यसले चुनावमा असर पर्ने भएकाले चुनावपछि महाधिवेशनको बहस पनि चलेको छ ।'

सार्वजनिक रूपमा अत्यन्तै कम बोल्ने र कूटनीतिक क्षमतामा आन्तरिक र अन्तरपार्टी राजनीतिमा बलियो खेलाडीका रूपमा पहिचान बनाएका देउवाले गत शुक्रबार आफूलाई १४औँ महाधिवेशनमा सहयोग गर्ने ११ जना नेताहरूलाई बोलाएर छलफल गरेका थिए। छलफलमा उपसभापति पूर्णबहादुर खड्का, नेताहरू विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला, प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ, बालकृष्ण खाण, विजयकुमार गच्छदार, डा. प्रकाशशरण महत, एनपी साउद र उमाकान्त चौधरी थिए ।

सामूहिक छलफल महाधिवेशन सार्नेदेखि समूह परिवर्तनका सम्भावना र त्यसलाई रोक्ने उपायका विषयमा समेत बहस भएको छलफलमा सहभागी एक पूर्वपदाधिकारीले बताए ।

'२०८२ सालमा पार्टीको महाधिवेशन गर्ने तयारी भएको छैन', उनले मध्यान्ह दैनिकसँग भने, 'अहिलेसम्मको परम्परालाई हेर्दा महाधिवेशन समयमा भएको छैन । विधानले दिएसम्म समय थप भएको इतिहास छ। अब पनि त्यसैले निरन्तरता पाउँछ । गत शुक्रबारको भेलामा त्यही विषयमा कुराहरू भए ।'

सँगै गत महाधिवेशनमा एक ठाउँ भएका केन्द्रीय नेताहरू समूह परिवर्तनतिर लागेका हुन् कि भन्ने संकेतहरू पनि थिए । तर, त्यहाँ सहभागी सबैले सभापतिलाई हामी कहीँ गएका छैनौं भनेर विश्वास दिलाउने काम भएको उनले बताए ।

देउवा नेतृत्वको कार्यसमितिको ४ वर्षे कार्यकाल २८ मंसिर २०८२ सकिन्छ। कांग्रेस विधानमा केन्द्रीय कार्यसमितिको बहुमतले कारणसहित १ वर्ष कार्यसमितिको कार्यकाल थप्न सक्ने वैधानिक प्रावधान छ । त्यसपछि पनि महाधिवेशन गर्न नसक्दा विशेष कारण देखाएर ६ महिना कार्यकाल थप्ने संवैधानिक सहुलियत सबै दलले पाउने व्यवस्था छ ।

विधानको दफा ४३ मा लेखिएको छ, 'पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि ४ वर्षको हुने छ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा १ वर्षसम्मको अवधि बढाउन सक्ने छ ।'

सोही व्यवस्थामा टेकेर देउवा र उनका समर्थकले महाधिवेशन सार्ने बताइसकेका छन् ।

नेकपा एमालेसँग सत्ता गठबन्धन निर्माण गर्दा भएको ७ बुँदे सहमतिको चौथो बुँदामा 'राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकारको गठन भएको मितिले २ वर्षसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आमनिर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने' उल्लेख छ ।

उक्त सहमतिअनुसार २ ९ असार २०८३ मा देउवा प्रधानमन्त्री बन्ने छन्। प्रधानमन्त्री भएपछि मात्र सभापतिले पार्टीको महाधिवेशन गर्ने र आफ्नो समूहलाई बलियो बनाउने योजनामा छन् ।

## महान्यायाधिवक्ता...

वा अन्य तवरबाट फछर्योट भएको तथ्यांक छ । मुद्दाहरूको फछर्योट स्थितिअन्तर्गत महान्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाहरूमध्ये १८ दशमलव ९८ प्रतिशत, उच्च सरकारी वकिल कार्यालयहरूमा रहेका मुद्दाहरूमध्ये ५९ दशमलव ८७ प्रतिशत मुद्दा फछर्योट भएको छ।

विशेष सरकारी वकिल कार्यालयमा रहेका मुद्दाहरूमध्ये ८२ दशमलव १९ प्रतिशत र जिल्ला सरकारी वकिल कार्यालयहरूमा रहेका मुद्दाहरूमध्ये ५१ दशमलव ९८ प्रतिशत मुद्दा फछर्योट भएको छ ।

फछर्योट भएका मुद्दाहरूमध्ये महान्यायाधिवक्ताको कार्यालयमा ४८ दशमलव ३२ प्रतिशत, उच्च सरकारी वकिल कार्यालयमा ५९ दशमलव ५४ प्रतिशत कसुर कायम भएको छ। विशेष सरकारी वकिल कार्यालयमा ६३ दशमलव २१ प्रतिशत र जिल्ला सरकारी वकिल कार्यालयमा ७५ दशमलव ३९ प्रतिशत कसुर कायम भएको छ ।

यसअनुसार आर्थिक वर्ष २०८०/०८१ मा जिल्ला सरकारी वकिल कार्यालयहरूबाट नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या ४४ हजार ८११ छ । ती मुद्दाहरूमा प्रतिवादी संख्या ६९ हजार ६३५ छ ।

विशेष सरकारी वकिल कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ मा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या २४५ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ५६४ छ ।

उच्च सरकारी वकिल कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ मा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या ३५ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ८५ छ ।

## प्रकृतिलाई...

गरेको प्रहरीले निष्कर्षमा पुगेको हो ।

प्रकृतिको मोबाइल फोन, निजी सामान, भिडियो, सीसीटीभी फुटेजका आधारमा श्रीवास्तवले प्रकृतिलाई पटकपटक मानसिक यातना दिएको खुलेको उडिसाको भुवनेश्वर-कटक प्रहरी आयुक्त सुरेशदेवदत्त सिंहले जानकारी दिएका छन् ।

मोबाइललाई फरेन्सिक विज्ञान प्रयोगशालामा अनुसन्धानका लागि पठाइएको छ र त्यसको रिपोर्ट आएपछि थप तथ्यहरू फेला पर्ने उनको भनाइ छ। उनले आरोपित श्रीवास्तवको स्वास्थ्य परीक्षण गरी न्यायिक हिरासतमा पठाइएको पनि बताए ।

प्रकृतिको अस्वाभाविक मृत्यु भएपछि विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थीहरूले न्यायको माग गर्दै प्रदर्शन सुरु गरेपछि तनाव भएको थियो । विश्वविद्यालय प्रशानले 'सुरक्षाका लागि भन्दै' नेपाली विद्यार्थीहरूलाई जबरजस्ती निकाला गरेको थियो ।

भुवनेश्वरमा रहेको इन्फोसिटी पुलिस स्टेसनमा एफआईआर (फर्स्ट इन्फर्मेसन रिपोर्ट) दर्ता भएको छ । प्रकृतिमाथि एक युवकले ब्ल्याकमेल गरेको भन्दै उनका आफन्तको नामबाट प्रहरीमा उजुरी दिइएको हो । प्रहरीले मुद्दालाई भारतीय न्याय संहिता (बीएनएस)को धारा १०८ अन्तर्गत दर्ता गरेको छ ।

सार्वजनिक भएको एउटा फोन संवादमा श्रीवास्तवले प्रकृतिलाई अपशब्दसहित भद्दा गालीगलौज गरेको सुनिन्छ । यो अडियोको स्वतन्त्र पुष्टि भने भएको छैन ।

केआईआईटीमा बी-टेक तेस्रो वर्षमा अध्ययनरत प्रकृति होस्टलको कोठाभित्रै झुण्डिएको अवस्थामा आइतबार साँझ फेला परेकी थिइन् । त्यसलगत्तै नेपाली विद्यार्थीहरूले न्यायको माग गर्दै शान्तिपूर्ण प्रदर्शन गरेका थिए । उनीहरूलाई केही भारतीय विद्यार्थीले पनि साथ दिएका थिए । तर, विश्वविद्यालय प्रशासनले विद्यार्थीको माग सुनवाइ गर्नुको साटो उनीहरूमाथि दमन गरेको थियो । नेपाली विद्यार्थीहरू होस्टेलबाट जबरजस्ती लखेटिएका थिए ।

विश्वविद्यालयले सोमबार करिब ५०० विद्यार्थीहरूलाई जबरजस्ती होस्टेलबाट निकालेको थियो । उनीहरूलाई स्कुलको बसमा कोचेर कटक रेल्वे स्टेसनमा पुऱ्याएको थियो ।

**मनोविमर्श संस्था स्थापना गरिने**

उडिसा सरकारले मृतक लम्सालको नाममा 'मनोविमर्श संस्था' स्थापना गर्ने जनाएको छ।

दिल्लीस्थित नेपाली राजदूतावास प्रहरी कन्सुलर एसएसपी संजीव शर्मा दाससहितको टोलीसँग भएको छलफलमा उडिसा सरकारका स्वाास्थ्यमन्त्री मुकेश महालिङले प्रकृतिको नाममा संस्था स्थापना गर्ने जनाएका हुन् ।

विश्वविद्यालय प्रशासनले बुधबार शोकसभा गर्दै घटनाबारे दुःख व्यक्त गरेको छ । यस्तै, विद्यार्थीको आक्रोशप्रति पुनः माफी मागेर कक्षामा फर्किन आग्रह गरेको छ ।

घटनाको निष्पक्ष छानबिन र दोषीलाई कानुनी कारबाहीका लागि नेपाल सरकारले पहल गरिरहेको जनाएको छ भने भारतीय पक्षले पनि यसका लागि प्रतिबद्ध भएको जनाएको छ ।

## खाडीका...

सहकार्य तथा नेपाली नियोगमा उपलब्ध स्रोत, साधनको प्रभावकारी व्यवस्थापन तथा उपयोगलगायत विषयमा विस्तृत रूपमा छलफल भएको दूतावासले जनाएको छ।

छलफलका क्रममा प्राप्त सुझावलाई समावेश गरी उठान भएका विषय उपर परराष्ट्र मन्त्रालय र अन्य सरोकारवाला निकायबाट उपयुक्त निर्णयका लागि सिफारिस गर्ने निर्णय भएको उक्त दूतावासले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। परराष्ट्रमन्त्री देउवाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित, भरपर्दो बनाउने सरकारको नीति बताउँदै यो महत्त्वपूर्ण उद्देश्य हासिल गर्न विदेशस्थित नेपाली नियोगहरूको प्रमुख भूमिका हुने भएकाले त्यसका लागि सबैले तदारुकताका साथ कार्यसम्पादन गर्न निर्देशन दिइन् ।

विदेशमा कार्यरत नेपाली श्रमिकका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न सरोकार भएका सबै निकाय सक्रिय हुनुपर्ने र दीर्घकालीन रूपमा समस्या समाधान गरी यस क्षेत्रलाई आकर्षक बनाउनुपर्नेमा उनले थप जोड दिइन् ।

परराष्ट्रमन्त्रीले 'डिजिटल' सुशासन कायम गर्ने सरकारको नीतिबमोजिम मागपत्र प्रमाणीकरणलगायत नियोगको सेवा प्रवाहलाई मीतव्ययी, सरल, पारदर्शी, प्रभावकारी तथा सूचना प्रविधिमैत्री बनाउन निर्देशन दिएको दूतावासले बताएको छ ।

नेपालको समग्र विकासका लागि आर्थिक कूटनीति प्रवर्द्धनमा नियोगहरुले विशेष सक्रियता देखाउन तथा सम्बन्धित मन्त्रालयले आवश्यक सहजीकरण गर्न अपरिहार्य रहेको बताउँदै यस सम्बन्धमा कुनै व्यवधान देखिएमा बाधा अड्काउ फुकाउन परराष्ट्र मन्त्रालय तत्पर रहेको पनि उनले बताइन् ।

बैठकपश्चात् परराष्ट्रमन्त्री देउवाले ओमानस्थित नेपाली संघसंस्थाका प्रतिनिधि, राजदूतावासका स्वयंसेवक तथा नेपाली समुदायका अगुवाहरूसँग अन्तरक्रिया गरिन् । यस क्रममा उठेका प्रश्नहरूको जबाफ दिदै उनले सबैलाई इमान्दारीपूर्वक काम गरी नेपालको छवि अभिवृद्धि गर्न आह्वान गरेकी छन् ।

सरकारले नेपाली श्रमिकहरूको हकहित र सेवा, सुविधाको सुरक्षा एवं प्रवर्द्धनका लागि आवश्यक नीतिगत, संस्थागत तथा कानुनी संरचना निर्माण तथा नियमित परिमार्जन गरिरहेको जानकारी पनि उनले दिएकी थिइन् ।

परराष्ट्रमन्त्री देउवाले नेतृत्व गरेको प्रतिनिधिमण्डलको सम्मानमा राजदूत डोरनाथ अर्यालले रात्रिभोजको आयोजना गरे । परराष्ट्रमन्त्री तथा उनको प्रतिनिधिमण्डल ओमानको भ्रमण सम्पन्न गरी बुधबार स्वदेश फर्किएको छ ।

# मदरसाका विद्यार्थीलाई शैक्षिक सामग्री र स्कूल व्याग वितरण

**कपिलवस्तु/मस**-कपिलवस्तुको कृष्णानगर नगरपालिका वडा नं. ३ ले मदरसा अहले सुन्नत फैजे मुस्तफा अतिकीयाका विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा स्कूल व्याग वितरण गरिएको छ ।




कक्षा १ देखि ३ सम्मका ५० जना विद्यार्थीहरूलाई आवश्यक सामग्री प्रदान गरिएको आयोजक समितिका कैफ आलमले जानकारी दिए ।

वडाध्यक्ष सगीर अहमद खांका अनुसार शिक्षा नै उज्ज्वल भविष्यको आधार भएकाले विद्यार्थीहरूको मनोवल उच्च बनाउन निरन्तर यस्ता कार्यक्रम सञ्चालन गरिनेछ । उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा भएका कमजोरी सुधार गर्दै आफ्नो वडालाई नमुना बनाउने प्रतिबद्धता व्यक्त गरे । हज समिति नेपालका प्रवक्ता मिर्जा राशिद बेगले वडाध्यक्ष सगीर अहमद खांको शिक्षा तथा स्वास्थ्यप्रति देखिएको चासो सराहनीय रहेको बताए ।

# डा.दम्पतीले लिए बालबालिकाको अभिभावकत्व

**चितवन/मस**-चितवनका चिकित्सक दम्पतीले परिवार गुमाएका र आर्थिक विपन्नता भएका अनाथ बालबालिकाको अभिभावकत्व लिएका छन् ।



आर्थिक अवस्थाले पढ्न नपाएका १८ जान बालबालिकालाई चितवनका वरिष्ठ चिकित्सक डा. अजय न्यौपाने र डा. सरु थापाले उनीहरूको पढाइसहित अभिभावकत्व ग्रहण गरेका हुन् ।

देवघाट गाउँपालिका-५ स्थित कालिका आधारभूत विद्यालयमा बालबालिकालाई शैक्षिक भविष्यको उनीहरूले जिम्मेवारी लिएका हुन् । त्यस अवसरमा उनीहरूले विद्यार्थीहरूलाई शैक्षिक सामाग्रीसहित झोला, खेलकुदका सामग्री प्रदान गरे ।

तनहुँको देवघाट गाउँपालिकाका विकट भेगका १० सामुदायिक विद्यालयका १० बालक र ८ जना बालिकाको उच्च शिक्षासम्मका लागि सम्पूर्ण व्यवस्थापनसहितको जिम्मेवारी उनीहरूले लिएका हुन् ।

उनीहरूले स्थापना गरेको डा. अजय डा. सरु थापा फाउन्डेसनमार्फत ६ वर्षदेखि १२ वर्षसम्मका बालबालिकालाई सहयोगसहितको अभिभावकत्व लिएका हुन् । बालबालिकाले पढ्न चाहेजति उनीहरूले पढाइदिने छन् । आमाबुवामध्ये कुनै एक नभएकालाई आवश्यक स्रोतसाधनसहित शैक्षिक भविष्यको जिम्मेवारी लिएको फाउन्डेसनका संस्थापक डा. न्यौपानेले बताए ।

'हाम्रो लक्ष्य उनीहरूलाई प्रेम र स्नेहले हुर्काउनु, उनीहरूको सपनाहरूलाई प्रोत्साहन गर्नु र शिक्षामार्फत् उनीहरूलाई सक्षम बनाउनु हो', उनले भने ।

## आक्रमणमा...

झगडामा उत्रिएका प्रहरी बताएको छ ।

मृतक मोची सतिन्दारलाई धेरै चोटपटक लागेको र उनलाई धारिलो हतियारले पेटमा प्रहार गरेको प्रहरीको भनाइ छ ।

सुल्तानाह नोरा इस्माइल अस्पतालका फरेन्सिक प्याथोलोजी विशेषज्ञद्वारा गरिएको पोस्टमार्टमले पेटमा छुराको गहिरो चोट लागेको र त्यसका कारण मृत्यु भएको देखाएको मलेसियाको अनलाइन दि स्टारले उल्लेख गरेको छ ।

मलेसियाको प्रहरीले गुप्तचरको परिचालन गरी १ जना बंगलादेशी र ४ नेपालीलाई पक्राउ गरेको बताएको छ। सबै आरोपीहरू एउटै होस्टेलमा बस्ने मृतकका सहकर्मी भएका भन्दै प्रहरीले आरोपित पाँचै जनालाई अदालतको आदेशले अनुसन्धानका ७ दिन हिरासतमा राखिएको बताएको छ ।

मलेसिया दण्ड संहिताको धारा ३०२ अन्तर्गत मुद्दाको अनुसन्धान भइरहेको बताइएको छ । उक्त दफाअनुसार हत्या गर्ने व्यक्तिलाई मृत्युदण्ड वा आजीवन कारावासको सजाय र जरिमानासमेत हुने छ ।

## परराष्ट्रमन्त्रीको...

वातावरणसहित पठनपाठनको व्यवस्थाका लागि पनि आग्रह गरेकी छन् । जबाफमा मन्त्री सुरजले घटनालाई राज्य सरकारले गम्भीर रूपमा लिँदै प्रकृतिलाई न्याय दिलाउन र दोषीमाथि कारबाहीका लागि उच्चस्तरीय छानबिन समिति गठन गरिएको जानकारी गराएको राणाले जानकारी दिइन् ।

## विश्वविद्यालय...

पहिलो समूहमा ९५ जना विद्यार्थी बुधबार बिहान वीरगन्ज आइपुगेका पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी निशानराज गौतमले बताए ।

उनका अनुसार अहिलेसम्म ७६ छात्र र १९ छात्रा वीरगन्ज हुँदै घर फर्किएका छन्। फर्किएकामध्ये ८० प्रतिशत विद्यार्थी पर्साकै हुन्। केही विद्यार्थी मात्र अन्य जिल्लाका छन् ।

उनीहरूले आफूहरूले असुरक्षित महसुस गरेपछि नेपाल फर्किएको बताएका हुन् । उनीहरूले केटा साथीबाट भएको दुव्यर्वहार सहन नसकेपछि प्रकृतिले आत्महत्या गरेको बताएका छन् ।

'हामीलाई आफ्नो सामान जम्मा गर्नसमेत समय दिएनन् । होस्टेलमा आएका गुन्डाले कुटपिट गर्दै निकाले', वीरगन्ज आइपुगेका एक विद्यार्थीले भने ।

भुवनेश्वरका विभिन्न रेल स्टेसनमा जबरजस्ती छाडिएकामध्ये करिब ३०० विद्यार्थी कोलकाता पुगेका थिए। त्यहाँबाट उनीहरू फरकफरक बाटो हुँदै आएका हुन् ।

नेपाली विद्यार्थीहरूलाई होस्टेल खाली गर्न दिएको निर्देशनको भोलिपल्ट बुधबार विश्वविद्यालयले विद्यार्थीहरूलाई फर्कन आग्रह गरेको छ ।

नेपाल फर्केका विद्याथीहरूलाई प्रहरीले बारा, रौतहट र पर्सास्थित उनीहरूको घरसम्मा जान सहजीकरण गरेको छ । काँकडभिट्टा नाका र विराटनगर हुँदै पनि विद्यार्थीहरू फर्किएका छन् । विराटनगरमा आएर ५ जना विद्यार्थीले आफूहरू स्वदेश फर्किएको जानकारी गराएको प्रहरी प्रवक्ता दिनेश आचार्यले जानकारी दिए ।

# सरकारले जनआन्दोलनलाई भुल्यो : ओनसरी घर्ती

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ७ फागुन



पूर्वसभामुख ओनसरी घर्तीले अहिलेको सरकारले २०४६ को जनआन्दोलन र २०६२/०६३को आन्दोलनलाई भुलेको आरोप लगाएकी छन् । जनयुद्ध दिवसको अवसरमा रोल्पा परिवर्तन गाउँपालिकामा कला साहित्य प्रतिष्ठान रोल्पाद्वारा आयोजित जनयुद्ध र जनआन्दोलनको साहित्यिक स्रष्टाहरुलाई सम्मान तथा सांस्कृतिक कार्यक्रममा उनले जनयुद्धले कुनै समय देश हल्लाएको बताइन् ।

घर्तीले भनिन्, '१० वर्ष जनयुद्धको समयमा रोल्पाले उल्लेखनीय भूमिका खेलेको थियो । रोल्पाली जनता साहसिक र इमान्दार हुनुहुन्छ,दमन र अत्याचारविरुद्ध आफ्ना छोराछोरीलाई टीका लगाएर जनयुद्धमा पठाउनु भएको थियो ।'

घर्तीले फेरि थप्दै भनिन्, 'जनयुद्धबाट प्राप्त फल खाएर फागुन १ गते मनाउँदै आएको दिवसलाई समेत सर्वोच्च अदालतबाट प्रतिबन्ध लगाएको छ ।'

कार्यक्रममा पूर्वअर्थमन्त्री एवं प्रतिनिधिसभा सदस्य वर्षमान पुनले आफु दुई वर्षसम्म बिरामी परेर बाहिर हुँदा रोल्पामा बजेट शून्य भएको बताए । उनले आफु ४ महिना अर्थमन्त्री हुँदा ५८ वटा पुलको योजना बनाएको र अहिलेसम्म १ वटा पुलको मात्र सिफारिस लिन सफल भएको बताए ।

नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनेपछि रोल्पाको शहीद मार्गमा विनियोजन भएको १ अर्ब २५ करोड रकम समेत हिउँदे अधिवेशनमार्फत अहिलेको सरकारले कटौती गर्दै अन्य क्षेत्रमा लैजान खोजेको उनले बताए । हिजोको संघर्ष र योगदानको कदर आज पनि र भोलि पनि निरन्तर हुने उनले दाबी गरे ।

# पञ्चेबाजाले फेरियो महिलाहरूको दैनिकी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ फागुन



अर्घाखाँचीको सन्धिखर्कमा महिलाहरूले व्यावसायिक रूपमा पञ्चेबाजा बजाउन सुरु गरेका छन् । गाउँघरमा पञ्चेबाजा परियार समुदायका पुरुषहरूले मात्र बजाउनुपर्छ भन्ने परम्परागत मान्यतालाई चिर्दै वडा १२ डिभर्नाका महिलाहरुले नौमती बाजालाई पेसाको रूपमा अगाडि बढाएका हुन् । उनीहरु अहिले सरकारीदेखि गैरसरकारी संघसंस्थाले गर्ने कार्यक्रममा बाजा बजाइ आर्थिक आम्दानी गरिरहेका छन् ।

अहिले आर्थिक आम्दानी निकै राम्रो गर्न सुरु गरेको र उनीहरुलाई कार्यक्रममा जान भ्याइनभ्याइ भएको नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । सन्धिखर्क १२ डिभर्नामा तालिम प्राप्त महिलाहरूले १४ जनाको समूह बनाएका छन् ।

नौमती बाजा बजाउनेमा नेवार, परियार, विक समुहका महिलाहरु बढी छन् । स्थानीय पार्वती श्रेष्ठले महिलाहरूले पनि गाउँमा बाजा बजाउन जाने भनेर हेप्ने गरेपनि आफूहरू निरन्तर यो पेसामा लागेपछि गाउँमा हुने शुभकार्यमा बाजा बजाउन भ्याइ नभ्याइ भएको बताइन् ।

लोप हुँदै गएको कला संस्कृति संरक्षण गर्न महिलाहरु अहिले तालिम लिएर व्यवसायिक हुँदा निकै खुसी लागेको र महिला आत्मनिर्भर भएको देख्दा खुसी लागेको सन्धिखर्क नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यले बताइन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले १२ नम्बर वडा डिभर्नाका महिलाहरूले सिर्जनशील बाजा समूह नै बनाएर बाजा बजाउन सुरु गरेका बताए ।

नगरपालिकाका शाखा अधिकृत मन्जु खनालले तालिमले महिला दिदीबहिनीहरुको आर्थिक उपार्जन भएको बताइन् । वडा नम्बर ६ का अध्यक्ष श्रीधर महत्राका अनुसार पर्यटकीय क्षेत्र नरपानीमा पञ्चेबाजा बजाउने दुई महिला समूह क्रियाशिल छन् ।

यता अर्घाखाँचीकै मालारानी गाउँपालिकाको हंशपुरमा पनि तालिम प्राप्त एक समूहले यो पेसालाई व्यवसायिक बनाउँदै अगाडि बढेको गाउँपालिका उपाध्यक्ष दिपा पोखेलले बताइन् ।

# अजयमेरु कोटमा भग्नावशेषको उत्खनन् सुरु



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ७ फागुन

डडेल्धुराको अजयमेरु गाँउपालिकामा रहेको ऐतिहासिक अजयमेरु कोटमा भएका भग्नावशेषहरुको उत्खनन् कार्य सुरु गरिएको छ । गत साताबाट सुरु भएको उत्खनन कार्य निरन्तर थप एक साता चल्ने जनाईएको छ । पुरातत्व अधिकृत भास्कर ज्ञवालीले उत्खनन् कार्यलाई थप सात दिन लम्ब्याइएको बताएका छन् । उनले पूर्ण दरबार पुनर्निर्माण गर्ने होइन, बरु भग्नावशेष संरचनाहरूको नम्बरीङ गर्ने काम भइरहेको जानकारी दिए । अजयमेरु कोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउने प्रयासस्वरूप पुरातत्व विभागको अर्को टोलीले थप अध्ययन गर्ने जनाएको छ ।

उत्खनन् कार्यमा जिल्लाका सरकारी अधिकारी, राजनीतिक दलका नेता स्थानीय जनप्रतिनिधिहरुले पहल गर्ने बताएका छन् । कोट संरक्षणको महत्व अझ बढ्दै गएको भन्दै स्थानीय तहले संघ र प्रदेश सरकारबाट थप बजेट तथा सहयोग आवश्यक रहेको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेश भट्टले बताए ।

# छोटी भन्सार नाका खोल्न माग गर्दै आमरण अनसन



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ७ फागुन

परोहा नगरपालिका वडा नम्बर ९ रामपुरखापमा छोटी भन्सार नाका खोल्न माग गर्दै बुधबार देखि स्थानीयले आमरण अनसन सुरु गरेका छन् । नेपाल-भारत सीमावर्ती क्षेत्र भन्दा ५० मिटर नेपाली सीमा क्षेत्रमा पाल टाँगेर गरेर तीन जना स्थानीय नागरिकले बुधबार बिहान १० बजेदेखि आमरण अनसन सुरु गरेका हुन् ।

सीमानाकाबाट चारपांग्रे सवारीसाधन ओहरदोहर गर्नुपर्ने र छोटी भन्सार कार्यालय स्थापना हुनुपर्ने माग राख्दै स्थानीय साहेब साह, जगतलाल यादव र मोहम्मद तजमुल हक आमरण अनसन बसेका छन् । आमरण अनसनमा बसेका तीनै जनालाई स्थानीय सयौं बासिन्दाहरूले समर्थन तथा साथ दिएका छन् । विगतका रौतहटमा दुई वटा मात्रै नाका थिए, एउटा गौर र अर्को रामपुर खाप । ती भन्सार कार्यालयलाई लमतरी सारेर भारतर्फ जाने बाटोमा चारपाँग्रे सवारीसाधनलाई पूर्णरूपमा रोक लगाउँदा बाध्य भएर कठोर कदम उठाउनु परेको आमरण अनसनमा बसेका जगतलाल यादवले बताए ।

नेपाल भारतबीच सदियौंदेखि कायम रहँदै आएको बेटी रोटीको सम्बन्धलाई प्रभावित पार्ने कार्य कसैबाट सह्य नहुने चेतावनी आमरण अनसनमा बसेकाहरूले दिएका छन् । स्थानीय प्रशासनले जनताको मागलाई न्यायोचित रूपमा सम्बोधन नगरी सो क्षेत्रका जनतालाई अनाहकमा दु:ख दिएको उनीहरूको आरोप छ ।

भारतसँग जोडिएका रौतहटको ईशनाथ नगरपालिका वडा नम्वर १, २ र ४ तथा परोहा नगरपालिकाको वडा नम्वर ९ सहितका सीमानाकाहरूबाट निर्वाध रूपमा गईरहेका चार पांग्रे सवारीसाधनलाई आवत-जावतमा रोक लगाएपछि सो क्षेत्रका भेगका बासिन्दाहरू गौर भएर भारत जानुपर्ने बाध्यता बनेको छ । सो समस्यालाई समाधान गर्न गत पुस ७ गते प्रमुख जिल्ला अधिकारी र भन्सार कार्यालयमा ज्ञापन पत्र बुझाएको तर, सुनुवाई नभएपछि आमरण अनुसन सुरु गरिएको उनीहरूले बताए । आमरण अनसनलाई नेपाली काँग्रेसकी नेतृ अन्जु झा,जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जमशेद, नेकपा एसका नेता शेख अब्दुल्लाह लगायतका नेताहरूले एक्यबद्धता प्रकट गर्दै आमरण अनसनमा समर्थनका लागि सहभागी भएका थिए ।

# परासी-महेशपुर सडकको मुआब्जा माग्दै स्थानीय



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ७ फागुन

पश्चिम नवलपरासीको महेशपुरका स्थानीयहरूलेपरासी-महेशपुर सडक चौडीकरण अघि उचित मुआब्जाको माग गर्दै आन्दोलनमा उत्रिएका छन् ।

पाल्हिनन्दन गाउँपालिकासँग भएको बैठकमा परासी-महेशपुर सडक चौडीकरण अघि उचित मुआब्जाको माग गरेका हुन् । परासी महेशपुर सडक अन्तर्गत पाल्हिनन्दन गाउँपालिका-१ का स्थानीयहरू उचित क्षतिपूर्ति नदिई सडक विस्तार गर्न नदिने अडानमा छन् । सडक विस्तारका क्रममा ४० भन्दा धेरै घरविहीन हुने देखिएको छ, जसका कारण प्रभावित परिवारहरू आन्दोलित भएका छन् ।

महेशपुर सडक छेउमा पर्ने निजी तथा नम्बरी घर-जग्गा भत्काउनु अघि स्थानीयहरूले उचित मुआब्जा र पुनर्वासको माग गरेका छन् । उनीहरूले आठ वर्ष अघि गरिएको नापीका आधारमा आफ्नो जग्गाको उचित क्षतिपूर्ति पाउनुपर्ने माग गरिरहेका छन् । यस्तै तीन वर्ष अघि डिभिजन सडक कार्यालय बुटवलसहित भएको छलफलमा ३५-३५ फिट मात्र सडक विस्तार गर्ने सहमति भए पनि हाल बिना छलफल ५० फिट चौडा बनाउने प्रयास गरिएको भन्दै स्थानीयहरूले विरोध जनाएका हुन् । स्थानीयले भन्छन् '५०/५० फिट सडक बनोस् त्यसमा हाम्रो असहमति हैन तर मुआब्जा बिना सडक विस्तार नहुने हाम्रो अडान हो । यदि उचित क्षतिपूर्ति प्रदान नगरिए कानुनी रूपमा अघि बढ्छौं ।'

यस क्षेत्रमा रहेका सांसद ध्रुवबहादुर प्रधान तथा स्थानीय सरकारको मौनता प्रति स्थानीयहरूले आक्रोश व्यक्त गरेका छन् । उनीहरूले जनप्रतिनिधिहरू माथि आरोप लगाउँदै जनताको पक्षमा आवाज उठाउन असफल भएका बताएका छन् ।

सडक विस्तारले क्षेत्रको विकासलाई तीव्रता दिनेछ, तर यसले घरविहीन हुने परिवारहरूको पुनर्वास आवश्यक बनाउँछ । प्रभावित नागरिकहरूको उचित व्यवस्थापन र पारदर्शी संवाद बिना कुनै पनि विकास परियोजना सफल हुन सक्दैन । स्थानीय प्रशासन, सरोकारवालाहरू र प्रभावित नागरिकहरू बीच समन्वय गरी उचित मुआब्जा निर्धारण गर्दै पुनर्वास योजना बनाएर मात्र सडक विस्तारको काम अघि बढाउनुपर्ने देखिन्छ ।

महेशपुर बजारभित्र शहीद चोकदेखि भन्सारसम्मको ५ सय मिटर सडक विस्तार मुआब्जा विवादका कारण अवरुद्ध भएको छ । यदि सम्बन्धित निकायहरूले शीघ्र कदम नचाले, यसले दीर्घकालीन रूपमा विकास कार्यमा असर पार्न सक्छ । सरकार र स्थानीय प्रशासनले पारदर्शी रूपमा निर्णय लिँदै उचित क्षतिपूर्ति तथा पुनर्वास सुनिश्चित गर्नु जरुरी छ, ताकी विकास र सामाजिक न्याय दुवैलाई सन्तुलित रूपमा अघि बढाउन सकियोस् ।

# जनता आधारभूतका विद्यार्थीलाई स्टेशनरी तथा झोला वितरण



**सर्लाही/मस-** नेपाली कांग्रेस सर्लाही क्षेत्र नम्बर-१ को आयोजना तथा मधेश प्रदेश कार्यसम्पादन समिति सदस्य एवं स्वास्थ्य विभाग प्रमुख शर्मिला थापाको सहयोगमा ईश्वरपुर-१२ पिपलदमारस्थित जनता आधारभूत विद्यालयका विद्यार्थीलाई स्टेशनरी तथा झालो वितरण गरिएको छ ।

उक्त विद्यालयमा अध्ययनरत १ सय ३० भन्दा बढी विद्यार्थीलाई स्टेशनरी र विद्यालय झोला वितरण गरिएको हो । राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आयोजित उक्त कार्यक्रम नेपाली कांग्रेस क्षेत्र नम्बर-१ का सभापति हरिबहादुर लुडेलीको अध्यक्षतामा सम्पन्न भएको थियो । नेपाली कांग्रेस सर्लाहीका पूर्व सभापति लक्ष्मण राय प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मधेश प्रदेश सदस्य शर्मिला थापा, महासमिति सदस्य प्रमोद बराल, योगराज देवकोटा विशिष्ट अतिथि थिए भने महाधिवेशन प्रतिनिधि जुना परियार, पूर्व वडाध्यक्ष नागेन्द्र पाखिन, वडाका उपसभापति मिलन के.सी, वडा सचिव चन्द्र कार्की, तरुण दल वडा सभापति उमेश रास्कोटी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि रायले प्रजातान्त्रिक व्यवस्थाले समाजका सबै वर्गलाई अवसर प्रदान गर्ने उल्लेख गर्दै विद्यार्थीहरूलाई शिक्षाको महत्व बुझ्न आग्रह गरे । विशिष्ट अतिथि शर्मिला थापाले शिक्षाका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्ता सहयोगात्मक कार्यहरूलाई निरन्तरता दिने बताइन् ।

कार्यक्रमका सभापति हरिबहादुर लुडेलीले नेपाली कांग्रेसको तर्फबाट विद्यार्थीहरूलाई आवश्यक सामग्री उपलब्ध गराउने कार्यले शिक्षामा सकारात्मक प्रभाव पार्ने बताए ।

विद्यालयका विद्यार्थीहरूले प्राप्त स्टेशनरी र झोलाले आफ्नो पढाइमा थप सहजता ल्याउने प्रतिक्रिया दिएका छन् । उनीहरूले यस्ता कार्यक्रमहरूले विद्यार्थीहरूको उत्साह बढाउने र शिक्षाप्रति झनै प्रेरित गराउने बताएका थिए ।

# नेपाली सेनाको पदयात्रा सुरु



**काठमाडौं/मस-** नेपाली सेनाले ऐतिहासिक गढी तथा किल्लाहरूको संरक्षण, पर्यटन प्रवर्द्धन, पुर्खाको सम्मानका लागि पदयात्रा सुरु गरेको छ । इतिहासलाई जगेर्ना गर्ने उद्देश्यले सिन्धुली जिल्लामा रहेको ऐतिहासिक दुई गढीहरु जोड्ने हरिहरपुरगढीबाट सिन्धुलीगढीसम्म पदयात्रा बुधबारबाट शुरु गरेको हो । हरिहरपुरगढी गाउँपालिका वडा नं. १ स्थित ऐतिहासिक हरिहरपुरगढीमा आयोजित उद्घाटन कार्यक्रममा श्री नं. ९ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी युवराज कार्की, सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी, हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष, श्री भवानीबक्स गणका गणपति, श्री नं. ९ वाहिनी अड्डा अन्तर्गतका युनिटपतिहरु, जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, जिल्लास्थित जनप्रतिनिधि, विद्यार्थी तथा स्थानीय व्यक्तिहरुको सहभागिता रहेको थियो । करिब ७५ कि.मि. दुरी पदयात्रा ८ दिनमा पुरा गर्ने योजना अनुसार नेपाली सेनाको टोलीलाई हरिहरपुरगढी गाउँपालिकाका अध्यक्षले पदयात्राको झण्डा हस्तान्तरण गरी ऐतिहासिक हरिहरपुरगढीबाट बिदाइ गरिएको थियो ।

# यही तरिकाले संघीयताको अभ्यास गरिए प्रदेशको औचित्य समाप्त हुने चेतावनी



**सुर्खेत/मस-** संघीयता कार्यान्वयनमा संघीय सरकार बाधक रहेको कर्णालीका दुई पूर्वमुख्यमन्त्रीहरूले आरोप लगाएका छन् ।

वीरेन्द्रनगरमा बुधबार आयोजित 'कर्णाली उत्सव कुडा कर्णालीका'को छैटौं संस्करणमा पूर्वमुख्यमन्त्रीद्वय जीवनबहादुर शाही र राजकुमार शर्माले यही तरिकाले संघीयताको अभ्यास गरिए प्रदेशको औचित्य समाप्त हुने चेतावनी दिए ।

संघले अधिकार नदिएकै कारण प्रदेशले काम गर्न नसेकेको उनीहरूको भनाइ छ । 'संघीयता बाध्यताले स्वीकारेजस्तो देखिन्छ, प्रदेशका कार्यकारी प्रमुखले संघको आदेश मानेर बस्नुपर्ने भयो,' पूर्वमुख्यमन्त्री शाहीले भने ।

यही तरिकाले संघीयताको अभ्यास गर्ने हो भने प्रदेश संरचना खारेज गर्न नेताहरूसमक्ष प्रस्ताव आउने उनले बताए । 'प्रहरी प्रदेशलाई नदिने, कर्मचारी पनि संघले पठाइदिने हो भने संघीयताको काम छैन,' उनले भने । कांग्रेस नेता पनि रहेका शाहीले कर्णाली प्रदेशमा कुनै बेला आफूहरू सत्तापक्ष र प्रतिपक्ष नभनेर एक भई अघि बढेको स्मरण गर्दै भने, 'हामीले त्यतिबेला कर्णालीको समस्यालाई प्रतिपक्षी बनाएका थियौं, तैपनि अधिकार नभएकै कारण काम गर्न सकिएन ।'

माओवादी केन्द्रका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री शर्माले आफूले १४ महिना प्रदेशको नेतृत्व गर्दा ३ पटक विश्वासको मत लिनुपरेको सन्दर्भ उल्लेख गर्दै कर्णालीलाई योजनाबद्ध पछाडि पारिएको दाबी गरे । 'प्रदेशको एकल अधिकार सूचीमा भएका अधिकार पनि नदिनु भनेको संघीयताविरोधी, सामन्तवादी चिन्तन हो, संविधानले समन्वय, सहअस्तित्व र सहकार्यलाई जोड दिएको छ,' शर्माले भने, कसैले कसैसँग माग्ने होइन, अधिकार हस्तान्तरण गर्ने हो । केन्द्र सरकारको रवैयाका कारण जनतामा संघीयताप्रति निराशा पैदा गराएको छ ।'

हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.स. १९९५
चैत ५ गते

स्वर्गारोहण मिति:
वि.स. २०८१
माघ २६ गते

स्व. जसि कला कार्की

यस संस्थाका संचालक **छेत्र बहादुर कार्की**की पूजनीय माता
**जसि कला कार्कीको**
स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**गोर्खा एसोसिएट्स प्रा.लि. परिवार**
महाराजगंज, काठमाडौं ।

## सम्पादकीय

## जनताको अपमान गर्ने प्रश्न

केही दिन अगाडि प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री केपी शर्मा ओली गैरजिम्मेवार ढंगले प्रस्तुत भएका थिए । 'प्रधानमन्त्रीसँग प्रश्नोत्तर' कार्यक्रममा प्रश्न सोध्ने सांसदहरूमाथि उल्टै प्रश्न सोध्ने शैली अपनाएका प्रधानमन्त्री ओलीले अन्तिम प्रश्नको जबाफै दिएका थिएनन् । आम जनता पार्टीका सांसद प्रभु साह अन्तिम प्रश्नकर्ता थिए । सरकारको कार्यसम्पादनसहितका समस्याहरूलाई सांसद साहले आफ्नो प्रश्नमा समेटेका थिए । तर, स्तरहीन प्रश्न सोधिएको भन्दै प्रधानमन्त्री ओलीले जबाफ दिनै नपर्ने तर्क गरेका थिए, जबकि साहले उठाएका केही प्रश्न त आज सिंगो मुलुकले खेपिरहेका प्रमुख समस्या नै थिए, जसलाई प्रधानमन्त्री ओली 'स्तरहीन' संज्ञा दिएर पन्छिए । प्रभु साहले प्रश्न गर्नु र प्रधानमन्त्रीले 'जबाफ दिन्नँ' भन्नु राजनीतिक कुरा हो, त्यसप्रति ठूलो आपत्ति केही छैन ।

तर, सांसद साहले उठाएको एउटा प्रश्नचाहिँ हाम्रो राजनीतिक संस्कार र मनोविज्ञानसँग जोडिएको छ । प्रभु साहको प्रश्न थियो, 'प्रधानमन्त्रीले चाँडै भारत भ्रमण हुन्छ भन्नुभएको थियो । किन भएन ?' यो प्रश्न शब्दभन्दा धेरै मनोविज्ञान हो । भारत भ्रमण जान्छु भनेको प्रधानमन्त्रीले भारत भ्रमण गर्न नसक्नुलाई अयोग्यताका रूपमा अर्थ्याउन खोजिएको हो । त्यसैले प्रधानमन्त्री ओली पनि रिसाए, जकाफै नदिई रोष्ट्रमबाट हिँडे । प्रभु साहको त्यस्तो प्रश्नबाट रोष्ट्रम छाडे पनि प्रधानमन्त्री ओलीलाई यस्तै प्रकृतिका प्रश्नले छाड्नेवाला छैनन् किनकि नेपालका प्रधानमन्त्रीले भारत भ्रमण गर्न नसक्नुको अर्थ 'त्यो सरकार अब लामो जाँदैन' भन्ने भाष्य जबर्जस्त स्थापित गरिएको छ ।

यस्तो भाष्य निर्माण हुनु असाध्यै निन्दनीय कुरा हो । सार्वभौम देशका प्रधानमन्त्री कति समय टिक्छ भन्ने विषय कुनै अर्को देशको भ्रमणसँग जोडिनु हुन्न । आफ्नै देशको संसद्को समीकरण सरकारको गठन/पुनर्गठनमा निर्णायक हुनुपर्छ । यसको अर्थ कुनै पनि छिमेक देशसँग सम्बन्ध बिगार्ने भन्ने होइन तर आन्तरिक मामलामा बाह्य हस्तक्षेप स्वीकार्ने भन्ने होइन । आजको संसारमा हरेक देश आफ्नो निर्णय गर्न योग्य छन् । यति सामान्य सत्य पनि नबुझेर हाम्रा नेतृत्व वर्गले सधैं 'भारत भ्रमण र सत्ताको आयु'लाई एकअर्काको पर्याय मानिरहेको अनुमान लगाउन सकिन्छ । यस्तो मनोविज्ञान भनेको सार्वभौम नेपाली जनताको अपमान हो, राष्ट्रघाती कुरा हो । सत्तालाई अप्ठ्यारो पार्ने नाममा छिमेक सम्बन्ध र कूटनीतिक मामिलालाई दुरूपयोग नगरौं ।

# व्यापारघाटा न्यूनीकरणको बाटो

अग्रलेख



● विष्णुदत्त भट्ट

सीमापार गरिने वस्तु, सेवा बौद्धिक सम्पत्तिको व्यापारलाई अन्तर्राष्ट्रिय व्यापार भनिन्छ । अन्तर्राष्ट्रिय व्यापारका प्रमुख २ पक्षका रूपमा आयात र निर्यातलाई लिइन्छ । आयात र निर्यातलाई एकअर्कासँग तुलना गर्दा मुख्यतयाः २ वटा अवस्था सिर्जना हुन्छन् ।

पहिलो अवस्था आयातभन्दा निर्यात बढी हुनु । यो अवस्थालाई आर्थिक विकास तथा समृद्धिका दृष्टिकोणले फलदायी मानिन्छ । दोस्रो निर्यातभन्दा आयात बढी हुनु हो, जुन अवस्थालाई आर्थिक विकासको तगारोका रूपमा लिने गरिन्छ । यो अवस्थालाई नै व्यापारघाटा भनिन्छ ।

नेपाल लामो समयदेखि व्यापारघाटाबाट प्रताडित हुँदै आइरहेको छ । नेपालले आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि विभिन्न प्रयास गर्दै आइरहेको छ । जस्तै : संविधानले नै तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने नीति लिएको पाइन्छ । त्यस्तै, राष्ट्रिय हितअनुकूल आयात व्यवस्थापन तथा प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक लगानी तथा प्रविधिको लगानीलाई आकर्षित गर्ने, विशेष आर्थिक क्षेत्रको स्थापना जस्ता रणनीति पनि अवलम्बन गरेको छ ।

निर्यात वृद्धि र आयात व्यवस्थापनका लागि औद्योगिक नीति, बाणिज्य नीति, नेपाल व्यापार एकीकृत रणनीति, २०८०, व्यापारघाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ जस्ता विभिन्न नीतिगत व्यवस्था गरेको पाइन्छ ।

नेपालले व्यापारघाटा न्यूनीकरणका लागि अवलम्बन गरेका यी विभिन्न व्यवस्थाको उद्देश्यलाई व्यापारघाटाको तथ्यांकले गिज्याइरहेको देखिन्छ । उदार अर्थ व्यवस्था अवलम्बनपश्चात् नेपालको व्यापारघाटा आकासिँदै गएको देखिन्छ । आर्थिक वर्ष २०७८/०७९ को नेपाल राष्ट्र बैंकको वार्षिक प्रतिवेदनमा आधारित भएर हेर्दा कुल वस्तु व्यापारघाटा १७ खर्ब २० अर्ब ४२ करोड रुपैयाँ पुगेको थियो ।

यस्तै, आर्थिक वर्ष २०८०/०८१ को पहिलो महिनाको तथ्यांक विश्लेषण गर्दा कुल वस्तु व्यापारघाटा शून्य दशमलव ७ प्रतिशतले कमी आई ११५ अर्ब ५१ करोड रुपैयाँ कायम भएको थियो ।

हाम्रो वैदेशिक व्यापारको संरचनालाई नियाल्दा निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५३ दशमलव ६ प्रतिशत र ४६ दशमलव १ प्रतिशत छ भने पुँजीगत वस्तुको अनुपात जम्मा शून्य दशमलव ३ प्रतिशत छ ।

प्रस्तुत तथ्यांकका आधारमा नेपालले व्यापारघाटा न्यूनीकरणका लागि अवलम्बन गरेका रणनीतिहरू प्रभावकारी नभएका देखिन्छ । अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा सरकार उदासीन रहेको, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धा प्रवर्द्धन, गुणस्तरीय उत्पादन, पारदर्शी आपूर्ति शृंखला जस्ता विभिन्न पक्षहरू नारामा सीमित रहेका देखिन्छ ।


नेपालले व्यापारघाटा न्यूनीकरणका लागि अपनाउनुपर्ने रणनीतिमा मुख्यगरी आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नका लागि निजी क्षेत्रलाई व्यापार तथा बाणिज्य क्षेत्रमा आकर्षित गर्न र प्रक्रियागत व्यवस्थामा समयानुकूल सुधार तथा परिमार्जन गर्ने विषयवस्तुमा ध्यान केन्द्रित गर्नुपर्छ ।

यस्तै, निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सरकारले सहजकर्ता, उत्प्रेरक तथा असल नियामकको भूमिका निर्वाह गर्न आवश्यक छ । तुलनात्मक लाभका क्षेत्रमा निजी क्षेत्रको लगानीलाई बढावा दिन सरकारले पूर्वाधार विकासका क्षेत्रमा दिगो लगानीको प्रत्याभूति गर्नुपर्ने देखिन्छ ।

निजी क्षेत्र अर्थतन्त्रको प्रमुख माध्यमको रूपमा रहँदै गर्दा निजी क्षेत्र आफैं पनि उद्यमशीलता, सक्षमता तथा प्रतिस्पर्धाका लागि सरकारको भरपर्ने तथा सरकारलाई प्रभावका पारेर नीति परिवर्तन, एकाधिकार, सिन्डिकेट जस्ता प्रतिस्पर्धाविरोधी क्रियाकलामा सामेल हुने परिपाटीको अन्त्य गर्ने संस्कारको विकास गर्नुपर्छ । यसो गर्न सकिएको खण्डमा आन्तरिक उत्पादनमा केही हदसम्म पारदर्शिता तथा स्वच्छ प्रतिस्पर्धा कायम हुन जान्छ । व्यापारघाटा न्यूनीकरणको दोस्रो रणनीति अनौपचारिक अर्थतन्त्रको वा छाया अर्थतन्त्रको वैज्ञानिक नियमन हुन सक्छ । अन्तर्राष्ट्रिय श्रम संगठनको एउटा प्रतिवेदनले विश्वका करिब २ अर्ब श्रमिक अझै पनि अनौपचारिक क्षेत्रमा संलग्न रहेका देखाएको छ । नेपालको परिप्रेक्ष्य राष्ट्रिय तथ्यांक कार्यालयको आर्थिक वर्ष २०७५/०७६ को तथ्यांकअनुसार अर्थतन्त्रको जम्मा आकारमा लगभग ४९ दशमलव ९ प्रतिशत हिस्सा अनौपचारिक अर्थतन्त्रको रहेको देखिन्छ । करिब ९ लाख २३ हजार व्यावसायिक प्रतिष्ठानहरूमध्ये लगभग ४ लाख १० हजार प्रतिष्ठानहरू कुनै पनि निकायमा दर्ता नभएको तथ्य छ ।

यसको प्रभाव आयात व्यापारमा अन्डर बिलिङ गर्ने, कम कर तिर्ने वा कर छल्ने, समग्र राजस्वमा कमी आउने, विदेशमा कमाएको पैसा अनुत्पादनशील क्षेत्रमा परिचालन हुने, पुँजी पलायनले गर्दा औद्योगिकीकरण विकासमा बाधा पुग्ने देखिन्छ । यस्तो अवस्थामा सरकारले यस विषयमा विशेष चासो दिन तथा शीघ्र आवश्यक संस्थागत तथा स्रोतगत व्यवस्था गर्नुपर्छ ।

व्यापारघाटा न्यूनीकरणको तेस्रो रणनीतिका रूपमा बाणिज्य नीति, २०७२ को अनुसूचीमा उल्लेख भएबमोजिमका निर्यात सम्भावना भएका वस्तु तथा सेवाहरूमध्ये पर्यटन र सूचना प्रविधि तथा बिजनेस प्रोसेस आउट सोर्सिङमा सरकारले उल्लेख्य लगानी गर्नुपर्ने देखिन्छ ।



नेपालले व्यापारघाटा न्यूनीकरणका लागि अपनाउनुपर्ने रणनीतिमा मुख्यगरी आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नका लागि निजी क्षेत्रलाई व्यापार तथा बाणिज्य क्षेत्रमा आकर्षित गर्न र प्रक्रियागत व्यवस्थामा समयानुकूल सुधार तथा परिमार्जन गर्ने विषयवस्तुमा ध्यान केन्द्रित गर्नुपर्छ...

नेपालले अदुवा, ऊनी तथा गलैंचा, चिया, कार्पेटलगायत विभिन्न वस्तुको निर्यातभन्दा सूचना प्रविधिको क्षेत्रबाट तुलनात्मक लाभ लिन सक्ने सम्भावना छ । यसका लागि सूचना प्रविधिसँग सम्बन्धित विषयवस्तु तथा सूचना प्रविधिजन्य सेवाको व्यापारका लागि बोर्ड अफ ट्रेडले अन्तर्राष्ट्रिय असल अभ्यासको आन्तरिकीकरणका लागि आवश्यक नीतिहरूको तर्जुमा, कार्यान्वयनदेखि अनुगमन र अन्तर-निकाय समन्वयमा अर्थपूर्ण भूमिका खेल्न जरुरी छ ।

यसका साथसाथै नेपाल व्यापार एकीकृत रणनीतिको समय सापेक्ष पुनरावलोकन गर्दै लैजानुपर्ने पनि देखिन्छ ।

विप्रेषण आप्रवाहको अशोभनीय व्यवस्थापन तथा यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने विषयलाई व्यापारघाटा न्यूनीकरणको चौथो रणनीतिका रूपमा लिन सकिन्छ । हालै नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'लुम्बिनी प्रदेश वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा परेको प्रभाव' नामक प्रतिवेदनले विप्रेषणबाट भित्रिएको रकम अनुत्पादक क्षेत्रका परिचालन भएको तथ्य प्रस्तुत गरेको देखिन्छ । नेपालको वित्तीय स्रोतको ठूलो हिस्सा विप्रेषणले ओगटेको छ । विप्रेषण आप्रवाहलाई हेर्दा विगत १ दशकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/०७७ मा कोभिड- १९ का कारण घटेको देखिन्छ भने अन्य आर्थिक वर्षमा विप्रेषण आप्रवाह बढेको छ ।

आर्थिक वर्ष २०७०/०७१ मा ५ खर्ब ४३ अर्ब २९ करोड रुपैयाँ बराबरको विप्रेषण भित्रिएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा सो तथ्यांक १२ खर्ब २० अर्ब ५५ करोड रुपैयाँ पुगेको छ । विप्रेषण आप्रवाह तथा कुल गार्हस्थ्य उत्पादनको अनुपात हेर्दा आर्थिक वर्ष २०७०/०७१ मा त्यो अनुपात २४ दशमलव ३ प्रतिशत हुँदै गर्दा आर्थिक वर्ष २०७९/०८०मा सो अनुपात २२ दशमलव ७ प्रतिशत थियो ।

आन्तरिक उत्पादन प्रणालीलाई टेवा पुऱ्याउन विप्रेषण बैंकिङ प्रणालीबाट आउने प्रावधानमा जोड दिनुपर्ने हुन्छ । यसका लागि श्रमिकका परिवार सदस्यलाई विदेश जानुपूर्व अनिवार्य बैंक खाता खोल्न लगाउने र विप्रेषण रकमलाई बैंक खातामार्फत नै पठाउने व्यवस्था अनिवार्य मिलाउनुपर्ने हुन्छ ।

पछिल्लो अवस्था हेर्दा वैदेशिक रोजगारीमा जाने संख्याको उल्लेख्य वृद्धिसँग खेतीयोग्य जमिन बाँझो हुँदै गइरहेको अवस्था छ । यस समस्याको समाधानका लागि सरकारले उत्पादन बढाउने विशेष नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ । नेपालमा कुल ३१ लाख हेक्टर बराबर खेतीयोग्य जमिन छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हाराहारी २६ प्रतिशतको योगदान हुँदै गर्दा खाद्यान्न आयात निरन्तर बढ्नु कारुणिक अवस्था हो ।

कृषिजन्य वस्तुहरूको मूल्य अभिवृद्धिका लागि विशेष नीति अवलम्बनको आवश्यकता छ । यसका साथै, कृषि उपजको बजारीकरणलाई व्यवस्थित गर्दै लैजानुपर्छ । वैदेशिक रोजगारीमा गएर फर्किएका व्यक्तिहरूको ज्ञान, सीप तथा अनुभवलाई केन्द्रमा राखेर स्वदेशमा कृषि, लघु उद्यमका क्षेत्रमा अनुभव बटुलेर आएका युवाहरूको आकर्षणका लागि अनुदान, सुलभ कर्जा जस्ता व्यवस्था गर्न सकिएको खण्डमा स्वदेशी उत्पादन बढ्ने देखिन्छ ।

अर्थतन्त्रको आन्तरिक उत्पादन बढाउँदै व्यापारघाटा न्यूनीकरणमा वैदेशिक लगानी आकर्षणलाई व्यापारघाटाको न्यूनीकरणको अर्को रणनीतिका रूपमा लिन सकिन्छ ।

नेपालमा २०३८ सालमा वैदेशिक लगानीको ढोका खोलेकामा २०४९ सालको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले मूलतः केही उद्योगबाहेक अरूमा सत प्रतिशत लगानीको अवसर खुल्यो । तर, वैदेशिक लगानीका लागि स्थिर नीति, नियम तथा कानुन, विधिको शासन, स्वतन्त्र न्यायालय, प्रशासकीय सरलीकरण तथा चुस्त कर्मचारी जस्ता पक्षहरूको प्रत्याभूति नहुँदा सोचेअनुरूपको वैदेशिक लगानी आकर्षण गर्न सकिएन । वैदेशिक लगानी आकर्षण गर्न राजनीतिक स्थिरतालाई न्यूनतम शर्तका रूपमा लिने गरिन्छ ।

राजनीतिक स्थिरतासँगै लगानी बोर्ड, मन्त्रालय तथा अन्य निकायबीच कार्य विभाजनमा विशेष जोड दिने, परियोजना समयमै सम्पन्न गर्न विभिन्न मापदण्ड तयार गरी सोहीबमोजिम कार्यसम्पादनमा जोड दिने, एकल सेवा केन्द्रको अवधारणालाई सशक्त रूपमा प्रभावकारी बनाउनेजस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ । विदेशी लगानी आकर्षण गर्दै गर्दा यसका सम्भावित चुनौतीहरूको मिहीन ढंगबाट विश्लेषण गर्न जरुरी छ । हाम्रा मौलिक व्यवसाय, लघु उद्यम तथा स्वदेशी लगानीबाट स्थापना भएका स-साना व्यवसायहरूलाई पनि सहयोग पुग्ने तरिकाले वैदेशिक लगानीमा जोड दिनु आवश्यक छ ।

नेपालको आकासिँदै गएको व्यापारघाटाको समाधानका लागि आर्थिक संघीयतालाई उजागर गर्न जरुरी छ । संविधानले वित्तीय संघीयताको परिकल्पना गरेको छ । सामान्यतयाः वित्तीय संघीयतामा, सरकारहरूबीच (संघ, प्रदेश र स्थानीय तह) हुने राजस्वको बाँडफाँट, वित्तीय अनुदान तथा आन्तरिक ऋण र प्राकृतिक स्रोतको बाँडफाँट जस्ता पक्षहरूको अध्ययन तथा विश्लेषण गरिन्छ । तर, आर्थिक संघीयतामा कुनै एक निश्चित तहको सरकारको क्षेत्राधिकारभित्र हुने आर्थिक क्रियाकलापमा दक्षता, प्रभावकारिता, उच्च उत्पादकत्व तथा स्वच्छ प्रतिस्पर्धा कसरी गर्ने भन्ने विषयहरूलाई उजागर गर्छ ।

नेपालमा आर्थिक संघीयताको पाटो गौण छ । आर्थिक संघीयताका लागि आवश्यक प्रावधानबमोजिम तीनै तहका सरकारहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र हुने आर्थिक क्रियाकलापहरूलाई बढावा दिन सकेका खण्डमा आन्तरिक उत्पादन बढ्न र आयात प्रतिस्थापन हुँदै निर्यात प्रवर्द्धनको दिशामा हिँड्न सकिन्छ । अन्ततः यसले व्यापारघाटाको व्यथा वा बिमार ठीक गर्ने देखिन्छ ।

उल्लेखित रणनीतिहरूलाई मूर्त रूप दिन तथा व्यापारघाटाको उल्झनबाट बाहिर निस्किँदै आर्थिक समृद्धिको पथ तय गर्न असल नियत भएको कर्मचारीतन्त्रको आवश्यकता हुन्छ । यसका लागि कर्मचारीतन्त्र व्यक्तिगत स्वार्थ पूर्तिभन्दा टाढा रहने, जबाफदेहिता, पारदर्शिता, निष्पक्ष, विधिको शासन, मनोगतभन्दा सत्य-तथ्यमा आधारित भएर निर्णय लिनेजस्ता विभिन्न असल अभ्यासको विकास गर्न जरुरी छ । यसका साथसाथै राजनीतिक स्तरमा राजनीति र कर्मचारी परिपूरक हुन् प्रतिस्पर्धी होइनन् भन्ने चेतनाको विकास गर्न सकेको खण्डमा कर्मचारीतन्त्रको व्यावसायिकता तथा कार्यकुशलता बढ्न गई व्यापारघाटा न्यूनीकरणमा प्रत्यक्ष वा परोक्ष रूपमा बल पुग्छ ।

## इतिहासमा आज

२० फेब्रुअरी १९६२ मा अन्तरिक्ष यात्री जोन एच. ग्लेन अन्तरिक्ष यान फ्रेन्डसिप ७ मा चढेर मर्करी-एटलस ६ मिसनको क्रममा पृथ्वीको परिक्रमा गर्ने पहिलो अमेरिकी बनिन् ।



२० फेब्रुअरी १९३५ मा क्यारोलिन मिकेलसेन अन्टार्कटिकामा पाइला टेक्ने पहिलो महिला बनिन् ।



२० फेब्रुअरी १९८७ मा अरुणाचल प्रदेश र मिजोरम भारतको राज्य बने ।




२० फेब्रुअरी २००३ मा रक ब्यान्ड ग्रेट ह्वाइटको कन्सर्टको क्रममा एक असफल आतिसबाजी प्रदर्शनले द स्टेसन नाइट क्लबमा आगलागी भयो, जसमा १०० जनाको मृत्यु भयो ।



# पोखरा घटनाले उठाएको प्रश्न

विचार



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देश आध्यात्मिक हो, देश धार्मिक हो, देश वैदिक हो, देश देवभूमि हो र त पर्यटकहरू यहाँ आएर देह विसर्जन गर्दा पनि आपत्ति मान्दैनन् किनकि विश्वकै एक मात्र शिवजीको शिरोभाग पशुपति छ यहाँ । यहाँका पर्यटकीय हिम शृंखलाहरू शिव र पार्वतीका क्रीडास्थल हुन् । पार्वतीको नामबाटै पर्वत जिल्ला छ हाम्रो र पर्वत जाने बाटैमा छ, पोखरा ।

त्यहाँ केही दिनअघि मात्र बेलुन पड्कियो, २ राजनीतिक हस्तीहरू घाइते भए, पर्यटन वर्ष २०२५ उद्घाटनकै क्रममा । २० लाख पर्यटक ल्याउने सरकारी योजना छ, लगभग त्यति नै संख्यामा नेपालीहरू पर्यटक त के काम खोज्दै मलेसिया, खाडीतिर धकेल्ने कार्यमा रोक लगाउन सक्ने योजना भने हाम्रो नेतृत्वसँग छैन । हाइड्रोजन ग्यास भरिएको बेलुन कोन फायरको झिल्कामा पुग्दा विस्फोट भयो होला, यो विज्ञानले भन्ने कुरो हो तर सजगता वा असावधानी कति छ भन्ने विषय भने हामी आफ्नै होला । आफू नमरी स्वर्ग देखिँदैन, ठूलालाई पर्दा होहल्ला भयो, तुइन चढेर स्कुल जाने विद्यार्थी खोलामा खसेर मर्दा यहाँ हल्ला हुन्न, न सुत्केरीले सवारी साधन नपाएर बाटोमै मर्दा ।

मन्दिर जान केबुलकारका विषयमा छिनाझप्टी भइरहन्छ, भ्यु टावर र ठूला विमानस्थल बनाउने कुरामा पनि । राजनीतिबाट वितृष्णा भएका नेपालीहरूले कति यसबारे सामाजिक संजाल भरेका छन्, आफ्नो ठाउँमा होला तर क्षति हुनु कुनै पनि राम्रो होइन, त्यसमाथि मानव, त्यसमा पनि उच्च खान्दानीहरू नै पर्नु त झन् राम्रो भएन । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेको केही समय भयो । उद्घाटनकै थोरै समयमै त्यहाँ ठूलो विमान दुर्घटना भयो । त्यो घटना सेलाएको छैन । पशुपतिमा गत साउनमा अतिविवादित कोटिहोम गर्ने आयोजक अहिले फेरि पोखरा गएर रूखहरू काट्दै छन् र यहीं बेलुन विस्फोटमा पर्ने नगर प्रमुखले त्यो काम गर्न दिनु हुन्न भनिरहँदा आयोजकले धर्मका लागि अधर्म गर्न पनि तयार छु भन्दै पुनरावेदन अदालत गई आयोजकले गर्न चाहेको काममा कानुनीबाहेक अरू झन्झट नदिनू भन्ने आदेश गराएका छन् । यसको सामान्य अर्थ हुन्छ अदालतको पनि आशय आइसकेकाले अब उनको काम नरोकिने देखिन्छ ।

तर, विगत केही वर्षयतादेखि धार्मिक कामहरू बडो अनियन्त्रित तवरबाट भइरहेको र केवल पैसा असुलीको माध्यम बनेको छ । राजनीतिमा हाम्रा टाठाबाठाहरूले ठगे सिधासाधा नेपालीहरूलाई र धार्मिक भन्दै आचरण नगर्नेहरूले धर्ममाथि अहिले ठूलै व्यापार गरिरहेका छन् । नेपाली महिलाहरू खासगरी धेरै बेरोजगार भएकाले कमसेकम सत्संगमै जानु राम्रो भन्दै उर्लिएर भीड जम्मा हुने परिपाटी छ र त्यो भीड देखाएर आयोजकहरूले मनपरी रकम असुलिरहेका छन् । कलीयुगमा निष्ठाबिनाको स्वाध्याय ढोंग मात्र हुन्छ, त्यसले परिणति राम्रो दिँदैन ।

पोखरा मात्र होइन, देशको पूर्वी भेग ताप्लेजुङको पाथीभरामा अहिले ठूलो विवाद छ । मठ मन्दिरमा जहाँ विवाद हुन्छ, त्यो भारी अपशकुन हो, त्यसले क्षति मात्र होइन, सर्वनाश गर्छ...

यसअघि पशुपतिमा भएको यज्ञ पनि दक्षिणायन र शिव स्नानका बेला परेको थियो, कोटिहोमकै आसपास धेरै ठूला दुर्घटनाहरू भएका थिए । त्रिशूलीमा बसहरू हराउनेदेखि पशुपति नजिकै विमान खसेको थियो । काभ्रे लड्केश्वरको केही महिनाअघिको कोटिहोममा विधि पुगेन भनेर विज्ञहरू अहिले पनि कराइरहेका छन् र असोजमा त्यहीं शिर हुने रोशीले बीपी राजमार्ग खाएकालाई पनि यसैमा जोडेर हेर्नेहरू पनि छन् ।

हाम्रा कार्यकारी प्रमुख देश धर्मनिरपेक्ष भन्छन् तर पशुपतिमा क्विन्टल सुन चढाउन गए, देशको ढुकुटीबाट र आफ्नो नाम पनि लेखाए त्यहाँ । यसअघिका कार्यकारी प्रमुख भारतको कालेश्वर गएर पण्डा बनेको सबैलाई थाहा छ र पंक्तिकारले बिहानभरि भद्रकालीमा चण्डीपाठ गरेर, दिउँसो टीका पुछेर सिँहदरबार गएर मन्त्रालयको कुर्सीमा बसेको कम्युनिस्ट ठूलै नेता पनि देखेको छ । नदी तर्दा पुलमाथिबाट सिक्का खसाल्ने र बिरालोले बाटो काट्दा दिनभरको काम नराम्रो हुने भयो भनी खिन्न हुने कम्युनिस्टहरू पनि छन् हाम्रो देशमा, जसले शासनको बागडोर पटकपटक लिए र लिने धुनमै छन् जहिले पनि ।

मार्क्स, लेनिन, माओहरूले भने यसो नगरेका र आफ्नै सिद्धान्तमा अडेका थिए । नेपालको सन्दर्भमा देशअुसारको भेष हाम्रा कम्युनिस्टहरूले गरे, त्यो त राम्रो भयो होला तर देशलाई धर्मनिरपेक्षचाहिँ किन बनाए, अन्योलको कुरो छ । वैदिक सनातनी बुद्ध भूमि नेपाल यथावत् रहन दिएको भए संसारका पर्यटकहरू यहाँ ओइरो लाग्ने नै थिए । पोखरा मात्र होइन, देशको पूर्वी भेग ताप्लेजुङको पाथीभरामा अहिले ठूलो विवाद छ । मठ मन्दिरमा जहाँ विवाद हुन्छ, त्यो भारी अपशकुन हो, त्यसले क्षति मात्र होइन, सर्वनाश गर्छ ।

विज्ञानले जे भने पनि गत असारको बाढी-पहिरो र गत असोजको बाढी-पहिरोले असह्य पीडा दिएको छ । हामी प्रकृति पुजक हौं र केही वर्षअघिदेखि देशमा प्रकृतिप्रति ठूलो अन्याय भइरहेको छ । असारे डोजरे विकासका नाममा प्रकृति दोहन भएको छ । माटो, पानी, हावा, तेज, प्रकाशबाटै यो शरीर र संसार बनेको हो । हामी सबैलाई पूजा गर्ने गर्छौं, नाग पूजा गर्छौं, भूकम्पले क्षति नदेओस् भनेर । कारण, यो भूमिमा मात्र देवताहरू बस्ने हुन्, स्वर्गमा भन्दा बढी प्यार गरेर । अरू भूमि कर्म भूमि होला हाम्रो भूमि पहिले धर्म भूमि हो र पछि कर्मभूमि र त पहिले नै हामी सूर्यकै उपासना गर्छौं । जे काम गर्दा पनि अपशकुन नहोस् ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

८ महिना रे ! कांग्रेस-एमाले ८ महिनादेखि सरकारमा छन् कि ३५ वर्षदेखि ? ओली पहिलो ८ महिने प्रधानमन्त्री हुन् कि चौथो पटक ? आफैं आफ्नो तथ्य बिर्सनु, गैरजिम्मेवार बन्नु र पानीमाथिको ओभानो हुन खोज्नुको कुनै हद हुँदैन ? कुन मुखले बोल्न सकेको होला यस्ता कुरा ? लाज नै लजाउनेगरी ।




**राधाकृष्ण कटवाल**

देशमा यतिबेला अरूलाई गाली गरेर आफू हिरो बन्ने ट्रेन्ड चलेको छ । अनि, सबैको मुखमा भ्रष्टाचार झुन्डिएको छ तर भ्रष्टाचारीचाहिँ को ? थाहा छैन । सबैभन्दा धेरै भ्रष्टाचारीले नै भ्रष्टाचारको विरोध गरिरहेको देखिन्छ । भ्रष्टाचारीचाहिँ भोट दिने जनता होलान् होइन् ? 'नैतिकता हराएका नेता !'



**निर्मल प्रसाईं**

सभामुखले ३ पटक बोलाउँदा पनि एक सांसद बोलिनन् । यिनलाई न प्रकृति लम्साल घटनासँग मतलब छ, न विद्यार्थीमाथि भएको अपमानको हीनताबोध छ । अहिलेको समयमा नेपाललाई सबैभन्दा बोझ भएको समानुपातिक कोटा, राष्ट्रियसभा, प्रदेशसभा भन्न हिच्किचाहट छैन ।



**प्रेमकान्त अधिकारी**

आफ्नो नियत राम्रो छैन भने उसले अरूलाई विश्वास गर्दै गर्दैन, गर्नै सक्दैन । आफ्नै लागि मात्र संविधान निर्माण जस्तो । विश्वास गर्न नसक्नेबित्तिकै विकेन्द्रीकरणको बेतुक । विकेन्द्रीकरण गर्न, गराउन पनि नसक्ने प्रदेश हटाउन पनि नहुने, प्रदेश सरकार नेपाल र नेपालीलाई घाँडो भयो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# २८ वर्षपछि प्रजातन्त्र सेनानी संघको दोस्रो महाधिवेशन




**काठमाडौं/मस**-नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल प्रजातन्त्र सेनानी संघको दोस्रो मधिवेशन सुरु भएको छ। संघ गठन भएको २८ वर्षपछि दोस्रो महाधिवेशन भएको हो। २०५३ सालमा गठन गरिएको उक्त संगठनको दोस्रो महाधिवेशन ०५६ मा हुनुपर्ने भएपनि हालसम्मको पार्टी नेतृत्वले तदर्थ समिति बनाउँदै म्याद थप गरेर राखेको थियो।

फागुन ७ देखि १० मा हुने महाधिवेशनको उद्घाटन बुधबार पार्टी सभापति शेरबहादुर देउवाले उद्घाटन गरेका थिए। २०५३ मा पहिलो महाधिवेशनबाट निर्वाचित पदाधिकारीको कार्यकाल सकिएसँगै यो संगठन गुमनाम थियो। १२ मंसिर २०८० मा पार्टी सभापति शेरबहादुर देउवाले नेता बालकृष्ण दहाललाई संघको अध्यक्ष मनोनित गरेसँगै संघले आफ्नो गति बढाएको हो। देशभित्र छरिएर रहेका प्रजातान्त्रिक योद्धा तथा अमर शहीद परिवारका सन्ततिहरूलाई संगठित गरी पार्टीलाई सहयोग पुऱ्याउन यो संघलाई भातृसंगठनको मान्यता दिएको थियो।

७७ जिल्लामा नेपाल प्रजातन्त्र सेनानी संघको सदस्य संख्या ३ हजार २२८ रहेको छ। त्यसमध्ये ७५ जिल्लाबाट महाधिवेशनमा प्रतिनिधित्व गर्न ४५७ महाधिवेशन प्रतिनिधिले भाग लिएको नेपाल प्रजातन्त्र सेनानी संघका अध्यक्ष बालकृष्ण दाहालले बताए।

मुस्ताङ र रूकुम पूर्वमा प्राविधिक कारणले अधिवेशन गर्न बाँकी रहेको संघले जनाएको छ। महाधिवेशन सम्पन्न गर्नका लागी अध्यक्ष दहालको संयोजकत्वमा संघका सबै केन्द्रीय सदस्यहरू तथा सात वटै प्रदेश अध्यक्षहरू सदस्य रहने गरी मूल समिति गठन गरी महाधिवेशलाई व्यवस्थित गरिएको दाहालले बताए। संघको नेतृत्व चयन १० गते हुनेछ।

# कास्की आदर्श समाज कतारद्वारा ५ स्रष्टा सम्मानित



**कास्की/मस**-वैदेशिक रोजगारी तथा व्यवसायको सिलसिलामा कास्की जिल्लाबाट कतारमा कार्यरत कस्केलीहरूको साझा सामाजिक संस्था कास्की आदर्श समाज कतारले पोखरामा स्रष्टा सम्मान तथा भेटघाट कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रम मार्फत विभिन्न क्षेत्रका ५ जना कस्केली स्रष्टाहरूलाई नगदसहित सम्मान गरिएको छ।

सम्मानित हुनेमा स्वास्थ्य क्षेत्रमा योगदान दिएको भन्दै वरिष्ठ मुटु रोग विशेषज्ञ डिएम डाक्टर सूर्य देवकोटा, पत्रकारिता क्षेत्रमा दीर्घ सेवा गरेको भन्दै पत्रकार राजबहादुर गुरुङ, शिक्षा क्षेत्रमा चतुरमान श्रेष्ठ, साहित्य क्षेत्रमा योगदान दिएको भन्दै छविलाल आचार्य र कला क्षेत्रमा योगदान दिएको भन्दै चलचित्र निर्देशक माओत्से गुरुङलाई सम्मान गरिएको हो।

सम्मानित स्रष्टाहरूलाई कार्यक्रमका प्रमुख अतिथि कास्की क्षेत्र नं. ३ का संघीय सांसद दामोदर वैरागीसहित विशेष अतिथिहरू कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रेस सल्लाहकार गंगाधर पराजुली, सल्लाहकार तिलकशाली सापकोटा, उपाध्यक्ष सन्तोष तिमिल्सिना र समाजको कतार समितिका उपाध्यक्ष कृष्ण भण्डारी लगायतले दोसल्ला, सम्मान पत्र र जनही नगद १० हजार रुपैयाँले सम्मान गरेका थिए। यसैगरी कार्यक्रममा समाजका सदस्यका छोराछोरीहरूमध्ये गत वर्षको एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने सविन कुमार भण्डारीलाई प्रसंशापत्र प्रदान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथिलाई पनि धन्यवादसहित सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो। आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि वैरागीले समाज कतारले गरेका कामहरू अनुकरणीय रहेको भन्दै प्रशंसा गरे। उनले विदेशमा सिकेको सीप र अनुभव नेपालमा प्रयोग गर्नका लागि आग्रह समेत गरे। समाज कतारका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक कृष्ण भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको समापन गर्दै भण्डारीले उपस्थित सबैप्रति हार्दिक आभार एवं नमन गर्दै कार्यक्रम सफल बनाउन अहोरात्र खटिने सम्पूर्णमा धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सहजीकरण विश्व बन्धु थापाले गरेका थिए।

कार्यक्रममा अन्नपूर्ण गाउँपालिकाका प्रमुख विष्णुबहादुर केसीसहित सम्मानित व्यक्तित्वहरू डा.सूर्य देवकोटा, चतुरमान श्रेष्ठ, छविलाल आचार्य र राजबहादुर गुरुङले पनि समाजका गतिविधिको खुलेर प्रशंसा गरेका थिए। कार्यक्रममा अनुष्का बिक, कृपा सुनार, शर्मिला वि.क, रुपेश भण्डारी, पुष्पा सुनारलगायतले गीत र नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा विभिन्न वक्ताहरूले समाजले गरेका गतिविधिको खुलेर प्रशंसा गरेका थिए। कार्यक्रममा अनुष्का वि.क, कृपा सुनार, शर्मिला वि.क, रुपेश भण्डारी र पुष्पा सुनार लगायतले साङ्गीतिक प्रस्तुति दिएका थिए।

# नवलपरासीमा पहिलो रामग्राम खाना महोत्सव हुने



**विनोद निगम/मध्यान्ह**
नवलपरासी, ७ फागुन

पश्चिम नवलपरासीमा पहिलो पटक रामग्राम खाना महोत्सव हुने भएको छ। स्थानीय आदिवासी जनजाति महासंघ रामग्राम नगर समितिको आयोजनामा आगामी फागुन १२ र १३ गते दुई दिन रामग्राम खाना महोत्सव हुन लागेको परासीमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

पहिलो रामग्राम खाना महोत्सव परासीस्थित घण्टाघर चोकदेखि बाइपास सडकसम्म करिब १ सय खानासम्बन्धी स्टल रहने गरी दुई दिनसम्म खाना महोत्सव हुने कार्यक्रम मूल समारोह व्यवस्थापन समितिका संयोजक अविनाश रेग्मीले बताए।

खाना महोत्सवमा मौलिकता झल्कने गरी खानाको परिकारका साथै विभिन्न भेषभूषा प्रदर्शनी गर्ने गरी स्टलहरुको व्यवस्थापन गर्ने योजना रहेको संयोजक रेग्मीले जानकारी दिए।

महोत्सवको मुख्य लक्ष्य खानाका परिकारमार्फत मौलिकता तथा विविध समुदायको पहिचान झल्काउने मुख्य उद्देश्य रहेको महोत्सव मूल आयोजक समितिका संयोजक अशोक श्रेष्ठले जानकारी दिए।

सबै खानासम्बन्धी स्टल निःशुल्क उपलब्ध गराइने महोत्सवको मुख्य आर्थिक सहयोगीको रुपमा रामग्राम नगरपालिका रहेको छ।

महोत्सवमा इन्दिरा जोशी, प्रमोद अग्रहरीलगायतका राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहने पत्रकार सम्मेलनमा अध्यक्ष भवानी शंकर चौधरीले जानकारी दिए। करिब १० हजार जनाले खाना महोत्सव आलोकन गर्ने आंकलन रहेको आयोजकले जनाएको छ।

# पोर्चुगलमा मनाइयो जनयुद्ध दिवस



**लिस्बन/मस**–नेपाली जनप्रगतिशील मञ्च पोर्चुगलले भव्य रुपमा जनयुद्ध दिवस मनाएको छ। राजधानी लिस्बनमा एक कार्यक्रमको आयोजना गरी मञ्चले ३० औं जनयुद्ध दिवस भव्य रुपमा मनाएको हो।

कार्यक्रममा माओवादी विचारधारा बोकेका क्रान्तिकारीहरू, सामाजिक रूपान्तरणका पक्षधरहरू, मञ्चका सदस्यहरु तथा प्रवासी नेपाली समुदायको उल्लेखनीय सहभागिता रहेको थियो। सो अवसरमा बोल्दै मञ्चका सल्लाहकार अर्जुन घिमिरेले प्रवासी भूमिमा रहेका माओवादी कार्यकर्ताहरूले सामना गरिरहेका समस्याहरूको समाधानका लागि जुझारु रुपमा संगठित र वैचारिक रूपमा सशक्त हुनुपर्नेमा जोड दिए।

नेपालमा माओवादी जनयुद्धको ऐतिहासिक पृष्ठभूमिको स्पष्ट पार्दै घिमिरेले क्रान्तिकारी विद्यार्थी संगठनको नेतृत्वमा रहँदा भोगेका चुनौतीहरू, माओवादी आन्दोलनको मूलधारमा आएको परिवर्तन तथा अन्य राजनीतिक दलहरूले माओवादीप्रति राखेको व्यवहारबारे प्रकाश पारे। कार्यक्रममा गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष उमेश खड्का, मञ्चका सल्लाहकार सोनाम योञ्जन लामा, नेपाल आदिवासी जनजाति महासंघ पोर्चुगलका अध्यक्ष चोपकुमार मगर, एनआरएनए आइसीसी सदस्य राजकुमार थापा, अन्तर्राष्ट्रिय नेपाली समाज पोर्चुगलका अध्यक्ष सूर्य खड्का, नेपाली समाजका अध्यक्ष योञ्जन कुमार तामाङ, सल्लाहकार दावा स्वङ लामा, वुमन एसोसिएसन पोर्चुगलकी अध्यक्ष शान्ति अर्याल अधिकारी, प्रवासी मञ्चका अध्यक्ष दीपक खत्री, शेर्पा किदुकका अध्यक्ष राजेन्द्र शेर्पा, तामाङ समाजका अध्यक्ष ह्योनजान ली लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रम मञ्चकी अध्यक्ष सीता ढकाल सुवेदीको अध्यक्षता, दीपक बानियाको स्वागत तथा ऋतु अधिकारीको सञ्चालनमा सम्पन्न भएको थियो।

# सुन र विदेशी मुद्रा बरामद



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ७ माघ

प्रहरीले गौतम बुद्ध अन्तर ाष्ट्रिय विमानस्थलबाट १२५ ग्राम सुन बरामद गरेको छ।

विमानस्थलको शौचालयमा बेवारिसे अवस्थामा दुईवटा सिक्री भेटिएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयले जनाएको छ। शौचालयमा फेला परेको सुनसँगै रियाज अहमदको नाममा जारी भएको गोल्डेन स्टोन न्यू ज्वेलरीको बिल पनि फेला परेको छ। बरामद सुन आवश्यक कारबाहीको लागि गौतम बुद्ध विमानस्थल भन्सार कार्यालय भैरहवामा बुझाइएको छ।

यसैबीच श्रीएयरमार्फत भैरहवाबाट काठमाडौं जान लागेका भारतीय नागरिक राहुल चतुर्वेदीको साथबाट ९ लाख २४ हजार ७ सय भारतीय रुपैयाँ, १ हजार अमेरिकी डलर र ९६० युएई दिरहम प्रहरीले बरामद गरेको छ। पक्राउ परेका चतुर्वेदीलाई आवश्यक कानूनी कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवलमा पठाइएको छ।


**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **अर्किड ओभरसिज प्रा.लि.** (ई.प.नं. ८८९/०६७/६८) ले यस विभाग समक्ष रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. १० को शाखा कार्यालय परिवर्तन भई कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिका वडा नं. ०१ मा कायम गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/१०/०४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको ठेगाना परिवर्तन हुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।



**सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न विवरणको भएको सर्टिफिकेट मिति २०८१/७/०२ गते कुमारीपाटी देखि थापाथली सम्म जांदा "मास्टरको कमपिलेसन सर्टिफिकेट" हराएकोले पाउनुहुने मानुभाबले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि बुझाईदिनु हुन अनुरोध गर्दछु।

**नाम :- नविन्ता श्रेष्ठ**
**रजिष्ट्रेशन नं.:-** M६०१०५२१०१५२
**सम्पर्क न.:- ९८४१७३२९३०**
**ठेगाना :- कुमारीपाटी, ललितपुर**



**बैदेशिक रोजगार विभागको**
**सार्वजनिक सूचना**
**सूचना प्रकाशित मिति : २०८१/११/०८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **KIZUNA H.R. SOLUTIONS PVT. LTD.** (ई.प.न.: १६१२/०७९/८०) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर संख्या | अव कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. नरेश भण्डारी (०१ - ९००००)<br>२. नानी मैया खतिवडा (दाहाल) (९०००१ - १०००००) | १. कमला बस्याल (०१ - ९००००)<br>२. नानी मैया खतिवडा (दाहाल) (९०००१ - १०००००) |



**Government of Nepal**
**Water Sector Governance and Infrastructure Support Project**
**Dipayal-Silgadhi Project Implementation Unit**
**Dipayal-Silgadhi Municipality, Doti**
**Invitation For Bids**
**Date of publication: 2025-02-20 (AD)**

Dipayal-Silgadhi Project Implementation Unit, Doti, invites electronic bids to the eligible bidders for the following works under National Competitive Bidding

| IFB No. | Description of Works | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) | Last Date/Time of Bid Submission |
|---|---|---|---|---|
| 02/WS/PIU/DOTI | Procurement of Smart Public Toilets at Dipayal Silgadhi Municipality, Doti | 600,000.00 | 5,000.00 | 2025-03-23 till 12:00 Hrs. |

- Bid Validity/Bid Security Validity Period 90/120 days from the last date of bid submission.
- The detail notice can be assessed from www.bolpatra.gov.np/egp.

**Project Manager**



**बुलिङटार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बुलिङटार, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८१/११/०८)**

यस कार्यालयको मिति २०८१/०९/२१ र मिति २०८१/१०/०८ गते राष्ट्रिय दैनिक "नयाँ पत्रिका" मा प्रकाशित सूचना अनुसार देहायका कार्यका लागि निर्धारित मिति भित्र दर्ता भएका बोलपत्र तथा सिलबन्दी दरभाउपत्रहरू मध्ये तपसिलको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही ठहरिएकोले स्वीकृतिको आशयको प्रयोजनका लागि सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract ID | Description of works | Name & Address of Bidder | Bid Price (without VAT & PS) |
|---|---|---|---|---|
| 1. | Bul/NCB/W/07/081/82 | Construction of Anath Ashram Building, Bulingtar-6 | F.T.P. Nirman Sewa Pvt. Ltd., Bharatpur-19, Chitwan | 3250553.43 |
| 2. | Bul/NCB/W/08/081/82 | Improvement Work of Deuda-Satikot Road, Bulingtar-1 | Lissam Nirman Sewa Pvt. Ltd., Tokha-8, Kathmandu | 5963856.74 |
| 3. | Bul/NCB/G/09/081/82 | Procurement of Medicines, Bulingtar Rural Municipality. | Candela Medi Concern, Kalanki-14, kathmandu | 1257971.30 |
| 4. | Bul/SQ/W/11/081/82 | Improvement Work of Kaligandaki Coridor-Autrauli-Bhartipur- Jaubari-Bhadauri-Raikot-Dhawadi- Bhojapokhari-Kumsot-Devchuli road, Bulingtar-6 | Lekbesi Construction, Bulingtar-6 | 1695694.00 |
| 5. | Bul/SQ/W/12/081/82 | Old Tribhuwan Ma.Vi. Building Marmat and Compound wall, Bulingtar-3 | Lekbesi Construction, Bulingtar-6 | 1225346.60 |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

**बोलपत्र आह्वानको सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०८**

यस अस्पताललाई आवश्यक तपशील बमोजिमको विद्युतीय बोलपत्र आह्वान गरिएकोछ। बोलपत्रसम्बन्धी विस्तृत विवरण सार्वजनिक खरिद अनुगमनको कार्यालयको website:www.bolpatra.gov.np/egp बाट जानकारी लिन सकिनेछ।

**तपशिलः**

| ठेक्का नं. | ठेक्काको नाम | वोलपत्र जमानत रु. | वोलपत्र शूल्क | ठेक्काको प्रकार |
|---|---|---|---|---|
| KH/NCB/Rasan-2081-82 | Procurement of Rasan for patient at Koshi hospital | 2,05,000.00 | 3000.00 | प्याकेज |

# ‘मेरो भ्वाइस युनिभर्स’ र ‘मेरो डान्स युनिभर्स’को पोर्चुगल अडिसनबाट ८ जना छनोट

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ७ फागुन ।



सर्वाधिक धन राशिको विश्वस्तरीय नेपाली गायन र नृत्यको रियालिटी शो ‘मेरो भ्वाइस युनिभर्स’ र ‘मेरो डान्स युनिभर्स’को दोस्रो संस्करणका लागि पोर्चुगल अडिसनबाट ८ प्रतियोगी छनोट भएका छन् ।

इन्टर्‌नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले राजधानी लिस्बनमा गरेको अडिसनबाट ‘मेरो भ्वाइस युनिभर्स’तर्फ ५ र ‘मेरो डान्स युनिभर्स’तर्फ ३ जना प्रतियोगी अर्को चरणका लागि छनोट भएका हुन् ।

पोर्चुगलमा पहिलो पटक भएको अडिसनमा युरोपका विभिन्न मुलुकका गरी गायनतर्फ ३२ जना र नृत्यतर्फ १६ जना प्रतियोगीले भाग लिएको फाउन्डेसनका पोर्चुगल संयोजक दीपेश विष्टले जानकारी दिए ।

छनोट भएका प्रतियोगीहरूलाई अर्को चरणका लागि फाउन्डेसनले आफ्नै खर्चमा काठमाडौं लैजाने विष्टले बताए । अडिसनमा निर्णायकको भूमिकामा गायनतर्फ गायक तथा संगीतकार केशव पौडेल र गायक अर्जुन सोनाम थिए भने नृत्यतर्फ नृत्य निर्देशक रूपेश उप्रेती र नृत्यांगना देवी गर्बुजामगर थिए ।

विश्वभर छरिएर रहेका नेपाली प्रतिभाका कलाकारहरूबीच प्रतिस्पर्धा गराइने दुवै शोका विजेताले १/१ करोड रुपैयाँ, उपविजेताले २५/२५ लाख र तेस्रो हुनेले १०/१० लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

विश्वभर छरिएर रहेका नेपाली समुदायका गायन र नृत्य क्षेत्रका उत्कृष्ट प्रतिभाहरूको पहिचान गर्न र नेपाली भाषा, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने अभियानका साथ विश्वस्तरीय रियालिटी शोको आयोजना गरिएको फाउन्डेसनका कार्यकारी निर्देशक चूडामणि भट्टराईले बताए ।

नेपाली भाषा, कला र संस्कृतिको विश्वव्यापी प्रवर्द्धन गर्ने यो अभियानले प्रतिभाशाली नेपालीहरूलाई अन्तर्राष्ट्रिय मञ्च प्रदान गर्ने भट्टराईको भनाइ छ ।

अमेरिका, क्यानडा, बेलायत र पोर्चुगलमा सम्पन्न भएको अडिसन अन्य मुलुकहरू थाइल्यान्ड, हङकङ, जापान, दुबई, कतार, अस्ट्रेलिया र भारतमा अडिसनको तयारी भइरहेको संस्थाले जनाएको छ ।

यस्तै, नेपालमा बिर्तामोड, नेपालगन्ज, पोखरा र काठमाडौंमा अडिसन हुने छ । विश्वभरबाट अडिसनमा छनोट हुने गायनतर्फ र नृत्यतर्फ १२०/१२० गरी कुल २४० जना प्रतियोगीलाई फाउन्डेसनले अर्को चरणका लागि काठमाडौं लैजाने छ ।

# ‘ताण्डवम्’को प्रदर्शनमा रोक




**काठमाडौं/मस-** शुक्रबारदेखि प्रदर्शनको तयारीमा रहेको चलचित्र ‘ताण्डवम्’को प्रदर्शनमा चलचित्र जाँच पास समिति (सेन्सर बोर्ड)ले रोक लगाएको छ । समितिले चलचित्रमा धेरै हिंसात्मक दृश्य रहेको भन्दै ती दृश्यलाई हटाएर ल्याउन भन्दै प्रदर्शनमा रोक लगाएको छ ।

सेन्सर रोकिएसँगै बुधबार सिनेमाको निर्माण टिमले आयोजना गरेको प्रिमियर शोसमेत स्थगित भएको छ । ‘केही दृश्यहरू अत्यधिक हिंसात्मक भयो भन्दै सिनेमा सेन्सरमा रोकिएको छ । ती दृश्यहरू काटेपछि सिनेमाको मर्म नै मर्छ । दृश्य काँटछाँट नगरी ‘एडल्ट सर्टिफिकेट’ दिनका लागि निर्माण पक्षले गरेको आग्रहलाई पनि सेन्सरमा अस्वीकार गरिएको छ’, निर्देशक जुनिम गहतराजले भने । चलचित्रमा रहेको ६ मिनेट लामो हिंसात्मक दृश्यलाई ३ मिनेटमा घटाउन निर्देशन दिएको निर्देशक गहतराजले बताए ।

चलचित्र हेरेपछि सेन्सर बोर्डका सदस्यहरूले अत्यधिक हिंसात्मक दृश्य भएको भन्दै ती दृश्य काटेर ल्याउन भनेको उनको भनाइ छ ।

चलचित्रमा पुष्कर गुरुङ, प्रेम सुब्बा, जुनिम गहतराज, अंकित खड्का, सरिना मगर, अनोज पाण्डे, कमल कार्की, गोपाल कटुवाललगायतको अभिनय छ ।


## जापानमा रोजगार — WATO KORYU COOPERATIVE SOCIETY

पूर्व स्वीकृती मिति: २०८१/११/४ | चलानी नं. ६०२३३०९२ | LT No.: 318933

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Plumbing (Foreman) | 1 | कामामा दक्ष | 1,90,000 | १,७४,३००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. ४०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई सञ्चालन भईरहेको औद्योगिक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्नेछ ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई सञ्चालन भईरहेको औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्के आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**

**२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८१/११/१५ गते (27 Feb., 2025) हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस । आफूले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस । ५) अनिवार्य रुपमा बिमा गराउनुहोस । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस । सोको एक प्रति आफुसँग राख्नुहोस । ७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस । वैदेशिक रोजगारमा कुनै दलालको भनाइमा विश्वास नगर्नुहोस । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस ।

**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम इजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोन: ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देवी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"

## Kuwait मा रोजगार — कम्पनी: Mechanical Engineering & Contracting Co, Kuwait

पूर्व स्वीकृती मिति २०८१।११।०६ | चलानी नं.६०२३३२२० | LT.No. 319028

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | - | काममा दक्ष | 110 | ४९,६१०/- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 10 | - | | 110 | ४९,६१०/- | | | | | | | |
| 3 | Electrical Technician | 20 | - | | 135 | ६०,६८०/- | | | | | | | |
| 4 | Fitter | 10 | - | | 110 | ४९,६१०/- | | | | | | | |
| 5 | Mechanical Technician | 10 | - | | 135 | ६०,६८०/- | | | | | | | |
| 6 | Labour/Helpers | 40 | - | | 95 | ४२,८४०/- | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १५००/- | रु. १०,०००/- |

**प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता मिति २०८१ फाल्गुन १५ गते (27 February, 2025) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।**

**Focus Nepal Overseas Pvt. Ltd**
Gov.Lic. No. 768/065/066
Sinamangal, Kathmandu, Ph.No.: 01-4579297, 4589028, Mobile No.: 9810349083
9851099415, 9841766249, 9806099355, Email: info@focusnepaloverseas. com


## Province Government
## Ministry Of Physical Infrastructure Development
## Urban Development and Building Office
### Dhankuta, Koshi Province, Nepal

## LETTER OF INTENT

**Date of publication : 2081/11/08 (Feb-20-2025)**

This is the notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in public procurement Act 2063, clause 27, sub-clause (2) and (3) clause 47

| S.N | Contract ID. | Description of works | Name and Address Of successful bidder | Bid Amount (Includding PS with Vat) |
|---|---|---|---|---|
| 1 | UDBO/Dhankuta/NCB/Works/061-2081/82 | Construction of Concrete Road on Bibibare Bazar Dharmadevi | Doma Construction and Suppliers pvt. Ltd Sankhuwasabha | 18,93,187.92 |
| 2 | UDBO/Dhankuta/NCB/Works/063-2081/82 | Construction & Upgradation of Pulung-Karki Gaun-Khamare-Kilisalapi Road. | Doma Construction and Suppliers pvt. Ltd Sankhuwasabha | 18,53,853.02 |
| 3 | UDBO/Dhankuta/NCB/Works/66-2081/82 | Madan Smriti Bhawan Nirman Chhathar Ga.Pa Sukrabare Bazaar, Tehrathum | Bhimshen Nirman Sewa,Chichila Rural Municipality-05, Sankhuwasabha | 38,82,800.85 |
| 4 | UDBO/Dhankuta/NCB/Works/67-2081/82 | Diludchha Khim Nirman, Bhojpur No. PA-12, Bhojpur | Bhimaswor Nirman Sewa,Bhojpur-11 | 17,55,624.52 |
| 5 | UDBO/Dhankuta/NCB/Works/68-2081/82 | Dr. Jhamak Kumari Ghimire Pustakalay Construction Dhankuta no. Pa. 6 | Darpan Nirman Sewa, Dhankuta-5 | 22,71,704.02 |
| 6 | UDBO/Dhankuta/NCB/Works/69-2081/82 | Shahid Smriti Foundation, Khadbari-1, Sankhuwasabha | Doma Construction and Suppliers pvt. Ltd Sankhuwasabha | 17,01,944.04 |
| 7 | UDBO/Dhankuta/NCB/Works/70-2081/82 | Upgradation & Connection of Dhimire-Khipring-Sagam-Thaledada to Koshi Sub Highway Road | Barun Nirman Sewaa, Khandbari-1 | 18,60,299.43 |
| 8 | UDBO/Dhankuta/NCB/Works/71-2081/82 | Chainpur Market Management Work Chainpur Sankhuwasabha | Smriti Construction And Suppliers Pvt. Ltd, Panchkhapan- 06, Sankhuwasabha | 33,42,804.15 |
| 9 | UDBO/Dhankuta/NCB/Works/72-2081/82 | Construction of Jalkanya Senior Citizen Assembly Hall Chainpur No. 6 Sankhuwasabha | Doma Construction and Suppliers pvt. Ltd Sankhuwasabha | 20,14,219.43 |
| 10 | UDBO/Dhankuta/NCB/Works/73-2081/82 | Upgrading the road to Hatia village, Bhotkhola Sankhuwasabha | SGK Construction, Pepsicola, Kathmandu | 16,14,275.62 |

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको इजाजतपत्रप्राप्त संस्था)
ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/११/०८**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ वानेश्वरमा १६ औं दिन वा सो दिन विंदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो २:०० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१) ऋणीको नाम : अनिता साउद**<br>बाबु : दल बहादुर साउद<br>पती : सिद्व बहादुर साउद<br>ना.प्र.नं. : ६७२०३८/३८३६१<br>जारी मिति : २०७०/०९/१८, जि.प्र.का.: कैलाली<br>ठेगाना : कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित भजनी न.पा. वडा नं. ८ हाल कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ०३ ।<br>**कर्जाको प्रकार : आवासिय घर कर्जा** | **व्यक्तिगत जमानिकर्ता : सिद्व बहादुर साउद**<br>बाबु : पदम बहादुर साउद<br>बजे : नर बहादुर साउद<br>ना.प्र.नं.: ३१९१६<br>जारी मिति : २०६१/०६/२८, जि.प्र.का. अछाम<br>ठेगानाः अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ०७ को परिवर्तित रामारोशन गा.पा. वडा नं. ०६ कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ०३ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
क) श्री अनिता साउदको नाममा मा.पो.का. धनगढी, कैलाली दर्ता कायम रहेको कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ३ नक्सा सिट नं. ०२७/०७२६-४ स्थित कि.नं. ४७९ को क्रमश क्षेत्रफल १६९.३२ व.मी. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**२) क) ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय मोरङ विराटनगरमा मिति २०७६/११/२२ गते, प्रा.फ.नं.घ.उ.मो. १६५१६/०७६/०७७ मा दर्ता भएको, स्थायी लेखा नं. ६१३२०२४६२ भई मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. ०२ स्थित रजिष्ट्रर कार्यालय रहेको **श्री न्यु श्रेय कृषि फर्म ।**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**
**ख) ऋणीको नाम : रुद्र प्रसाद राजवंशी**
**कर्जाको प्रकार : व्यक्तिगत आवधिक कर्जा**

| | |
|---|---|
| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : सुनिता राजवंशी**<br>बाबु : सोभा चन राजवंशी<br>पति : रुद्र प्रसाद राजवंशी<br>ना.प्र.नं.: ११३३३/५९<br>जारी मिति : २०५८/०५/१५<br>जि.प्र.का.: मोरङ<br>ठेगाना : मोरङ जिल्ला, बवियाविर्ता गा.वि.स. वडा नं. ०३ को परिवर्तित मोरंङ जिल्ला, रंगेली न.पा. वडा नं. ०२ | **ऋणी/व्यक्तिगत जमानिकर्ता : रुद्र प्रसाद राजवंशी**<br>बाबु : सखिचन्द राजवंशी<br>बाजे : मगंल सिंह राजवंशी<br>ना.प्र.नं.: १७१४२<br>जारी मिति : २०४७/०७/२७, जि.प्र.का.: मोरङ<br>ठेगाना : मोरङ जिल्ला बवियाविर्ता नगर/गा.पा. वडा नं. ०३ को परिवर्तित मोरंङ जिल्ला रंगेली न.पा. वडा नं. ०२ |
| **व्यक्तिगत जमानिकर्ता : एलिसा राजवंशी**<br>बाबु : रुद्र प्रसाद राजवंशी<br>बाजे : सखिचन्द राजवंशी<br>ना.प्र.नं.: ०५-०२-७३-०२१९२<br>जारी मिति : २०७३/०७/१२, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ०३ को परिवर्तित मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०२ | **व्यक्तिगत जमानिकर्ता : श्रेया कुमारी राजवंशी**<br>बाबु : रुद्र प्रसाद राजवंशी<br>बाजे : सखिचन्द राजवंशी<br>ना.प्र.नं : ०५-०६-७७-०२३१६<br>जारी मिति : २०७७/१०/१८, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०२ |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
**क)** श्री रुद्र प्रसाद राजवंशीको नाममा मा.पो.का. रङ्गेली मोरङ्ग दर्ता कायम रहेको मोरङ्ग जिल्ला बबियाविर्ता न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ब,३द,३ब स्थित कि.नं. ५८६, २२१ र २३८ को क्रमश क्षेत्रफल ०-४-१५-१ (१६१२.८० व.मी.), ०-१-०-० (३३८.६४ व.मी.) र ०-३-१५-० (१२६९.६९ व.मी.) को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।
**ख)** श्री सुनिता राजवंशीको नाममा मा.पो.का. रङ्गेली मोरङ्ग दर्ता कायम रहेको मोरङ्ग जिल्ला बबियाविर्ता न.पा. वडा नं. ३ नक्सा सिट नं. ३द स्थित कि.नं. २२२ र २२० को क्रमश क्षेत्रफल ०-०-१७-० (२८७.८४ व.मी.) र ०-०-१२-० (२०३.१८ व.मी.) को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरुः**
१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००/- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समयभित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँबानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँबानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिन्छ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो २:०० बजे, मितिः २०८१/११/२३ गते**


## ओमनमा रोजगार

कम्पनी : ALINJAZ TRADING & SERVICES LLC | शहर : AL QURM
पुर्व स्वीकृत मिति: २०८१/११/०६ | चलानी नं.: ६०२३३२६९ | LT. No.:319038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Helpers | 40 | 0 | स. काममा दक्ष | 110 | ३९,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन १५ गते (27 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037

## Bahrain मा रोजगार

कम्पनी: MANASALU MANAGEMENT OF REAL ESTATE : BAHRAIN | पुन: विज्ञापन
पूर्व स्वीकृत मितिः २०८०/११/२२ | चलानी नं.: ६०२१५९७४ | LT. No.: 301000

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 1 | सम्बन्धित काममा दक्ष | 150 | ६७,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 4 | | 150 | ६७,४८१ | | | | | | | |
| 3. | Cleaner | 40 | 0 | | 120 | ५३,९८४ | | | | | | | |
| 4. | Data Entry | 2 | 0 | | 150 | ६७,४८१ | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 130 | ५८,४८३ | | | | | | | |
| 6. | Sales Man | 4 | 4 | | 130 | ५८,४८३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १५ गते (27 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Almighty International Manpower Services Pvt.Ltd.** Govt. Lic. No. 1440/074/075
Tokha-10, Kathmandu, Tel.: 01-5906717, 9841063097 , 9865298787, 9808052814, 9849112323,9849329081
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com, website: www.aimsrecruitment.com

# ५ खेलाडीले दक्षिण एसियाली एथ्लेटिक्स क्रस कन्ट्रीमा प्रतिस्पर्धा गर्ने

**काठमाडौं/मस**–नेपालका ५ खेलाडीले दक्षिण एशियाली एथ्लेटिक्स क्रस कन्ट्री च्याम्पियनशिपमा प्रतिस्पर्धा गर्ने भएका छन् ।

११ फागुनमा पाकिस्तानको इस्लामावादमा हुने प्रतियोगिताको सिनियरमा २ र जुनियरमा ३ गरी ५ जना पुरुष खेलाडीले भाग लिने भएका हुन् । प्रतियोगितामा सहभागी हुन नेपालका ५ खेलाडीसहित ७ सदस्यीय नेपाली टोली बिहीबार पाकिस्तान जाने भएको छ ।



प्रतियोगिताको सिनियरमा सुशीलकुमार शाही र सञ्जय श्रेष्ठ तथा जुनियरमा बादल कार्की, अजय विक र कृष्णबहादुर परियारले खेल्ने छन् ।

सिनियरमा १० किलोमिटर तथा जुनियरमा ८ किलोमिटर दुरीमा प्रतिस्पर्धा हुने नेपाल एथ्लेटिक्स संघले जनाएको छ ।

# नेपाली पुरुष कबड्डी टोली बंगलालेशमा अभ्यास खेल खेल्ने




**काठमाडौं/मस**–नेपालको पुरुष कबड्डी टोलीले बंगलादेशमा घरेलु टोलीसँग ५ अभ्यास खेल खेल्ने भएको छ ।

१० फागुनदेखि १६ फागुनसम्म बंगलादेशको ढाकामा नेपालले ५ अभ्यास खेल खेल्ने छ ।

टोलीले सन् २०२६ मा हुने २०औं एशियाली प्रतियोगिताको तयारीका लागि राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले शुरू गरेको मिसन-२०२६ अन्तर्गत रहेर प्रशिक्षण गरिरहेको छ ।

मिसन २०२६ अन्तर्गत पुरुष टोलीले बंगलादेशसँग अभ्यास खेल खेल्न लागेको परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले बताए । घनश्याम रोकामगरको कप्तानीमा रहेको १४ सदस्यीय पुरुष टोलीले बंगलादेशसँग अभ्यास खेल खेल्ने छन् ।


## युएईमा रोजगार

कम्पनी: BALCON TECHNICAL WORKS — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/०६ — चलानी नं.: ६०२३३२६८ — LT. No.: 319044

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Assistant Welder | 3 | 0 | | 1200 | ४५३६० | | | | | | |
| 3. | Building Labour | 2 | 0 | | 1300 | ४९१४० | | | | | | |
| 4. | Building Painters | 2 | 0 | | 1400 | ५२९२० | | | | | | |
| 5. | Construction Carpenter | 2 | 0 | | 1300 | ४९१४० | | | | | | |
| 6. | Finishing Carpenter | 2 | 0 | | 1300 | ४९१४० | | | | | | |
